# धर्मकीर्ति
The Dharmakirti



आषाढ पूर्णिमाको दिन भगवान् बुद्धले सारनाथको मृगदावनमा पञ्चभद्र वर्गीय भिक्षुहरूलाई धर्मचक्र प्रवर्तन सूत देशना गर्नुभई प्रथम पटक धर्मको चक्र घुमाउनु हुँदै

वर्षः ४०, अङ्कः ४

बु.सं. २५६६, गुरु पुन्हि



**सिंह सैय्या आसनमा आराम लिनुहुँदै शाक्यमुनि बुद्ध**

सिद्धार्थ कुमारले ३५ वर्षको उमेरमा बुद्धगयामा बोधिज्ञान प्राप्त गरी बुद्ध हुनुभएको दिन देखि परिनिर्वाण नहुञ्जेल उहाँले कहिले पनि आफ्नो शीर तकियामा बिसाउनु भएन । उहाँले यही सिंह सैय्या आसनमा रहेर नै आराम लिनुहुने कुरा उल्लेख छ । जब परिनिर्वाण हुने बेला भयो तबमात्र उहाँले आफ्नो शीर तकियामा बिसाउनु भयो ।

*प्रकाशक र विशेष सल्लाहकार*

**भिक्षुणी धम्मवती**

फोन: ५३५९४६६

*सम्पादक*

**भिक्षुणी वीर्यवती**

**फोन: ९८४१५३४१०९**

*सम्पादन सहयोगी*

**भिक्षुणी शुभवती**

**फोन: ९८४१३२९००५**

*व्यवस्थापकहरू*

**ध्रुवरत्न स्थापित**

फोन: ९८४१२६३३५५

**इन्द्रमान महर्जन**

फोन: ९८४१४३४५७२

*कार्यालय*

**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**

**धर्मकीर्ति विहार**

श्रीघ: नघ:टोल

पोष्ट बक्स नं. ४९९२, काठमाडौं

फोन: ५३५९४६६

email: gurumawiryawati@gmail.com

subhawati26@gmail.com

बुद्ध सम्बत् २५६६

नेपाल सम्बत् ११४२

इस्वी सम्बत् २०२२

बिक्रम सम्बत् २०७९

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. | २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. | १००/- |
| यस अङ्कको | रु. | १०/- |


# धर्मकीर्ति


(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly


**13th JULY 2022**

| वर्ष- ४० | अङ्क- ४ | गुरु पुन्हि | श्रावण २०७९ |
|---|---|---|---|


**हीनं धम्मं न सेवेय्य - पमादेन न संवसे**
**मिच्छा दिट्ठिं न सेवेय्य - न सिया लोक - वड्ढनो ।**

**हीनगु धर्म सेवन याय्मते,**
**प्रमादी जुया च्वनेमते, मखुगुली विश्वास**
**याय्मते, लोक बढेज्वीगु ज्या याय्मते ।**

**नीच धर्म सेवन नगर, प्रमादी न होऊ**
**मिथ्या धारणामा न फस, आवागमन**
**(फेरि फेरि जन्म लिन आउनुपर्ने र मर्नुपर्ने काम) को**
**कामना नबढाऊ ।**

**Do not follow the evil law! Do not live on in thoughtlessness! Do not follow false doctrine! Be not a friend of the world.**

## विषय-सूचि


| क्र.सं. | शिर्षक | | पृष्ठ |
|---|---|---|---|
| १) | बुद्ध वचन | – | १ |
| २) | सम्पादकीय - चार आर्यसतय | – | ३ |
| ३) | मनको कर्म नै मुख्य हो | – सत्यनारायण गोयन्का | ४ |
| ४) | अग्रस्थान प्राप्त ८० जना श्रावक श्राविकाहरू | – अनु. धम्मवती गुरुमां, अनु. वीर्यवती गुरुमां | ६ |
| ५) | दीघ निकाय ग्रन्थको संक्षिप्त परिचय–२ | – लोचनतारा तुलाधर | १० |
| ६) | ओहो ! परियत्ति शिक्षा | – शिशिल चित्रकार | ११ |
| ७) | धम्मोहवे रक्खतीति धम्मचारी | – माधवी गुरुमां | १३ |
| ८) | लुम्बिनी | – विद्याकुमारी बज्राचार्य | १३ |
| ९) | भगवान बुद्धया थी थी म्हसीका बिइगु खँग्व:त | – अ. कुसलञाणी | १४ |
| १०) | धर्मकीर्ति समाचार | – | १७ |


## आवरण चित्र परिचय

# धर्मचक्र प्रवर्तन

**– कल्याण मित्र सत्यनारायण गोयन्का**
**– अनुवाद वीर्यवती**

पञ्च भद्रवर्गिय साधुहरूले जब भगवान् बुद्ध आफूहरू तर्फ आइरहनु भएको देखे, तब उनीहरूले यसरी निर्णय गरे "हामीले उसलाई स्वागत पनि गर्दैनौं, अभिवादन पनि गर्दैनौं, किनभने ऊ तपभ्रष्ट भइसकेको व्यक्ति हो। त्यसैले उसलाई बस्नको लागि आशन एउटा मात्र दिनेछौं।" तर जब भगवान् बुद्ध उनीहरूको नजिक आइपुग्नु भयो, तब उहाँको तेज र प्रभावशाली व्यक्तित्त्व पहिला भन्दा तीखो, अनुहारमा अपूर्व तेज देखेपछि उनीहरूले पहिला गरेको सल्लाह र निर्णयलाई विर्सन थाले । फलस्वरुप उनीहरू पाँचजना मिली भगवान् बुद्धलाई अभिवादन गर्दै अन्य आवश्यक सेवामा जुट्न थाले ।

केहीवेरपछि पाँचजनालाई नै विश्वास हुन थाल्यो कि सिद्धार्थ कुमार त साँचो अर्थमा सम्यक सम्बुद्ध भइसक्नुभएको रहेछ। तब उनीहरूले भगवान् बुद्ध समक्ष धर्मदेशना गरिदिनु हुन अनुरोध गरेपछि भगवान् बुद्धले धर्मदेशना गर्नुभयो। यो दिन आषाढ पूर्णिमाको साँझपख थियो । भगवान् बुद्धको यो प्रथम उपदेश थियो, धर्मप्रकाशनको आरम्भ भएको दिन थियो। त्यसैले यसलाई धर्मचक्र प्रवर्त्तन भनियो। यसबाट नै धर्मचक्र चलायमान भयो ।

यो प्रथम उपदेशमा भगवान् बुद्धले यसरी भन्नुभएको छ–

आजको गृहत्यागीहरूले दुई अति मार्गहरूलाई अपनाइरहेका छन् जुन धर्म विरुद्ध छन् ।

एकमार्ग यस्तो छ, जुन मार्गमा चल्ने गृहत्यागी कामभोगको कायसुखमा तल्लीन रहनुलाई श्रेयस्कर ठान्छन् । त्यस दिनका चार आचार्य महानास्तिक थिए । उनीहरूको मत अनुसार सत्कर्म पुण्य होइन, यसको फल पनि छैन । दुष्कर्म पाप होइन, यसको नराम्रो फल पनि छैन । यी आचार्यहरूले व्यभिचार कार्यलाई नराम्रो मान्दैनन् । झन् यस कार्यलाई प्रोत्साहन दिने गर्छन् । यसको कारणले गर्दा ती आचार्यहरूको शिष्य संख्या बढ्न थाले । समाजमा उन्मुक्त कामभोगका समर्थक अनेक थिए । यो यस्तो अति मार्ग हो, जो हीन, गाउँलेहरूका लागि र अधर्मपथमा चल्ने बटुवाहरूका लागि हो । यो अनार्यहरूको मार्ग हो जुन सँधै अनर्थकारी हुन्छ ।

अतिमार्गहरू मध्ये दोस्रो मार्ग कायक्लेशको मार्ग हो जुन दु:खदायी र अनार्यहरूद्वारा सेवन गर्ने मार्ग हो ।

तथागतले यी दुवै अति मार्गको विपरित यस्तो मध्यम मार्गलाई पत्ता लगाउनु भयो, जुन मार्गमा जान

*( क्रमश: पेज ५ मा हेर्नुहोला )*

## ▪ सम्पादकीय ▪

# चार आर्यसत्य

सिद्धार्थ कुमारले ३५ वर्षको उमेरमा बुद्धगयाको बोधिवृक्ष मुनि बोधिज्ञान प्राप्त गरी बैशाख पूर्णिमाको दिन सम्यक सम्बुद्ध हुनुभयो । त्यसको ठीक दुई महिना पछि आषाढ पूर्णिमाको दिन सारनाथ स्थित ऋषिपतन मृगदावनमा पुग्नुभई पञ्चभद्रवर्गीय भिक्षुहरूलाई उहाँले प्राप्त गर्नुभएको बोधिज्ञान धर्मचक्र सूत्रको माध्यमबाट बताउनु भएको थियो । यसरी भगवान् बुद्धले बुद्ध हुनुभएपछि प्रथम पटक धर्मको चक्र घुमाउनु भएको दिन आषाढ पूर्णिमाको दिन थियो । त्यही दिन पञ्च भद्रवर्गीय भिक्षुहरू मध्ये जेठो भिक्षु कोण्डञ्ञ स्रोतापन्न (निर्वाणको पहिलो खुड्किलो) प्राप्त गर्न सफल हुनुभएको थियो ।

धर्मचक्र सूत्रमा उल्लेख भएका ज्ञान शुरुवातमा नै भगवान् बुद्धले मानिसहरूले आफ्नो शरीरलाई भौतिक सुख सुविधाले सम्पन्न वातावरणमा भुलाई विलासी जीवनमा मात्र भुलाउन खोज्ने बानी बसालि रहेको अवस्थालाई अतिमार्गमा लागेको बानी भन्नुभएको छ । यसरी नै आफ्नो शरीरलाई यातना एवं कष्ट दिई क्लेश नाश भइन्छ भन्ने मिथ्या धारणा राख्ने बानीलाई पनि अतिमार्गमा लागेको बानी भनी संज्ञा दिनुभएको छ । यी दुवै अतिमार्गहरूलाई भगवान् बुद्धले नीच, असभ्य, सेवन गर्न अयोग्य कार्य र क्लेशयुक्त अनार्य व्यक्तिहरूले मात्र गर्ने कार्य आदि भनी व्याख्या गर्नु भएको छ । त्यसैले यी दुबै अतिमार्गलाई त्यागेर मध्यम मार्ग अर्थात् बीचको मार्ग अपनाउनको लागि भगवान् बुद्धले हामीलाई सल्लाह दिनुभएको छ । त्यस मध्यम मार्गलाई आर्य अष्टाङ्गिक मार्ग पनि भनिन्छ । किनभने यसमा ८ वटा मार्गहरूलाई अभ्यास गर्न सल्लाह दिइएका छन् । ती मध्ये पहिलो मार्गलाई सम्मादिट्ठि (सम्यक दृष्टि) अर्थात् ठीक तरिकाले बुझ्ने क्षमता भनिन्छ । यस मार्ग अपनाउनको लागि सबभन्दा पहिला संसारका चारवटा आर्य सत्यहरूलाई बुझ्न नितान्त आवश्यक छ । अब बुझौं चार आर्यसत्यहरू के के हुन् ?

(१) दुःख सत्य –

संसारमा जन्मलिने जो कोही पृथकजन (लोभ, क्रोध, अभिमान आदि दुषित चित्तहरू समावेश भएका) व्यक्तिहरूलाई ८ प्रकारका सांसारिक दुःखहरूले लखेटिरहेका हुन्छन् ।

ती यसरी छन् –

- जातीपि दुक्खा (जन्म लिनुपर्ने दुःख)
- जरापि दुक्खा (वृद्धा, वृद्धा भएर जीउनु पर्ने दुःख)
- व्याधिपि दुक्खो (रोग लाग्ने दुःख)
- मरणम्पि दुक्खं (मर्नुपर्ने दुःख)
- अप्पियेहि सम्पयोगो दुक्खो (मन नपर्ने व्यक्तिसंग रहनु पर्ने दुःख)
- पियेहि विप्पयोगो दुक्खो (मनपर्ने व्यक्तिसंग विछोड भएर रहनुपर्ने दुःख)
- यंपिच्छं) नलमति तंम्पि दुक्खं (मनले इच्छा गरेको पूरा हुन नसक्नु)
- सखित्तेन पञ्चुपादानक्खन्धापि दुक्खा (संक्षिप्तमा भन्ने हो भने यो पञ्चस्कन्धरूपी शरीर धारण गर्नुपरेसम्म यी सबै दुःख साथमा आइनै रहन्छ ।

(२) दुःख समुदय सत्य –

माथि उल्लेखित ८ प्रकारका दुःखहरूले हामी संगसंगै पछ्याइरहनुको कारणहरू ३ प्रकारका छन् ।


काम तण्हा (काम तृष्णा) –

हाम्रा मासुका दुई आँखाहरूले बाहिरी सजीव र निर्जीव रूपहरू हेरी, कानले बाहिरी शब्दहरू सुनी, जीब्रोले स्वाद लिई, नाकले गन्ध सुँघी र शरीरले स्पर्श गरी जति पनि लोभ र क्रोध रूपी प्रतिकृयाहरू व्यक्त गरी त्यही आरम्मणमा भुलेर समय बिताइरहेका हुन्छौं । त्यसलाई काम तृष्णा भनिन्छ ।

यस तृष्णाले संसारमा बारम्बार जन्म लिन लगाइरहन्छ ।

भव तण्हा (भव तृष्णा) – यस संसारलाई र यही संसारमा उत्पन्न भइरहेका सजीव प्राणीहरू लगायत निर्जीव चीज बस्तुहरूलाई नित्य ठानी यिनीहरूप्रति लगाव राखी हाम्रो चित्तले जतिपनि लोभ र क्रोध रूपी प्रतिकृयाहरू प्रकट गरी कर्महरू बनाइरहेका हुन्छौं, त्यस

*( क्रमशः पेज २३ मा हेर्नुहोला )*



# मनको कर्म नै मुख्य हो

✍ **सत्यनारायण गोयन्का**

"सत्कर्म गर्नु नै सद्धर्म हो, दुष्कर्म गर्नु नै अधर्म हो ।" यो कथनलाई केवल उपदेश सुनेर बुद्धिद्वारा स्वीकार गरेर रहनु अथवा जसले उपदेश दिएको हो उनको प्रति अत्यन्त गहन श्रद्धा भएको कारणले श्रद्धा पूर्वक मात्र स्वीकार गरेर काम बन्दैन । यस सत्यलाई आफू भित्र, शरीर र मनको सारा प्रपञ्चलाई आफ्नो अनुभवद्वारा थाहा पाउन सक्यो भने कर्मको फल कसरी आउँछ भन्ने कुरा बुझ्न थाल्छ । जस्तो कर्म गऱ्यो त्यस्तै फल आउँछ भन्ने बुझ्दछ । अनुभवद्वारा थाहा पायो भने धारण गर्नु सजिलो हुन्छ । अन्यथा जीवन भरि नै तर्क-वितर्क, वाद-विवाद गरेर नै जीवन सकिन्छ । त्यसैले आफू भित्रको सत्यको दर्शन गर्नुपर्छ, प्रकृतिको नियमलाई बुझ्नुपर्छ, विश्वको नियमलाई दर्शन गर्नुपर्छ, धर्मको नियमलाई दर्शन गर्नुपर्छ । सिद्धार्थ गौतमले सम्यक सम्बुद्ध हुनुभन्दा अघि अन्य दुईजना आचार्यहरू समक्ष उच्च तहसम्मको ध्यान सिकिसकेका थिए । त्यस समयमा भारतमा सबैभन्दा माथिल्लो तहको मानिने सातौं ध्यान र त्यसभन्दा पनि माथिल्लो मानिने आठौं ध्यान पनि उनले सिकिसकेका थिए । यस ध्यानको समाधिमा पुग्दा मनमा विचार आउँदैन, कल्पना आउँदैन, एकदम शान्त हुन्छ । जस्तो कि पोखरी वा तालको पिंधको पानी अत्यन्त शान्त हुन्छ, बिल्कुल हलन चलन हुँदैन, एकदम शान्त हुन्छ, निश्चल हुन्छ । यस्तो अवस्थामा पानीमा भएको मैलोहरू थिग्रिएर विस्तारै पिंधमा जम्मा हुन थाल्छ । पानी एकदम स्वच्छ, निर्मल देखिन थाल्छ मानौं पानीमा कत्ति पनि फोहोर छैन, मैलो छैन । वास्तवमा त मैलो हटेको छैन, पिंधमा गएर थन्किएको छ । मैलो निस्किएको छैन । दमन मात्र भएको हो शमन भएको छैन । यस सत्यलाई जब सिद्धार्थ कुमारले आफ्नो अनुभवले थाहा पाए तब बुझे कि– "ध्यानको यस अवस्थासम्म पुग्दा पनि म मुक्त भएको छैन, यो आठौं ध्यान पुग्दासम्म पनि विकारहरू बाँकी नै छन् । जबसम्म विकारका अंशहरू थोरैमात्र पनि अन्तरमनमा जम्मा भएका हुन्छन् तबसम्म म मुक्त भएको छुइन ।"

यसरी खोज्दै-खोज्दै यो विद्यालाई खोजी निकाले । भित्रको सत्य, भित्रको सत्य, भित्रको नियम-कानून, विश्वको विधान, निसर्गको नियम, ऋत, सत्य धर्म प्रकाशित हुन पुग्यो । सबै कुरा स्पष्ट भयो । प्रकृतिको नियम स्पष्ट भयो, सबै कुरा थाहा भयो तब सम्यक सुम्बुद्ध भयो, मुक्त भयो । नितान्त निर्मल भयो । तब आफूले जानेको, सिकेको कुरा सबैलाई बाँडिदिए । पहिलो पटक यो शुद्ध धर्म वितरण गर्दा नै केवल उपदेश दिएर मात्र रहेन, यो विद्या सिकाई दिए । सबैभन्दा पहिले जुन पाँचजना ब्राह्मणहरूलाई धर्मको शिक्षा दिनुभयो, धर्मचक्र प्रवर्तन गर्नुभयो तब केवल कुरा मात्र भन्नु भएन प्रयोग गराउनु भयो, अभ्यास गराउनु भयो । यसरी-यसरी अभ्यास गर्नु भन्नुभयो, केवल सिद्धान्तका कुरामात्र भन्नुभएन । ती पाँच जना ब्राह्मणहरू अनेक जन्म देखि पाकेका थिए, जसरी सिकाईएको हो त्यसरी अभ्यास गर्दा शुद्ध भए, बुद्ध भए । यस विद्या अपनाएर भवमुक्त भए । केवल उपदेश सुनेर केही हुँदैन, उपदेश त दिनहुँ सुनिन्छ, सबै भन्ने गर्छन् कि कर्म नै मुख्य हो, कर्म नै प्रधान हो । जस्तो कर्म गर्छ, त्यस्तै फल प्राप्त हुन्छ । तर जब यो कुरालाई आफू भित्र हेरेर अनुभवद्वारा थाहा पायो नि तब यति स्पष्ट भयो, यति बुझियो कि अब बुझ्नुपर्ने केही बाँकी रहेन । विपश्यना गर्नेले पनि यही सिक्दछ । सबै कुरा बुझ्नको लागि केही समय लाग्छ तर बाटो उही हो । अगाडि बढ्दै जाँदा खुलस्त हुँदै जान्छ, केही सुल्झाउनु पर्ने बाँकी नै हुँदैन ।

जस्तो कर्म गऱ्यो त्यस्तै फल पाउँछ । त्यसो भए कस्तो कर्म गर्ने त ? कर्म तीन प्रकारका छन् । एउटा कायिक कर्म अर्थात् शरीरद्वारा गरिने कर्म । अर्को वाचिक कर्म अर्थात् वचनद्वारा गरिने कर्म । अर्को चैतसिक कर्म अर्थात् मनद्वारा गरिने कर्म । तब कुन चाहिं कर्म गर्ने ? जन साधारणमा एउटा गलत मान्यता चलिआएको छ कि जुन शरीरिक कर्म हो त्यही प्रमुख कर्म हो । वचनद्वारा गरिने कर्म त्यो भन्दा हलुको हो र मनको कर्म त त्यो भन्दा नि हलुको, त्यो त कर्म नै

होईन । मनमा भनेको त कुराहरू आईरहन्छ, गईरहन्छ, त्यो त कर्म नै होईन । शरीरको कर्म नै प्रमुख हो । तर अन्तरमुखी भएर हेर्न थाल्यो भने स्पष्ट हुन थाल्छ कि मनको कर्म प्रमुख कर्म हो । शरीर र वचनको कर्म त प्रमुख कर्म होईन । मनको कर्मले नै बीउ बन्छ, त्यसैबाट फल दिन्छ । वचनको कर्मले फल दिंदैन, शरीरको कर्मले पनि फल दिंदैन । बीउ त मनको कर्मले दिन्छ । आखिर वचनको कर्म भनेको के हो ? आखिर शरीरको कर्म भनेको के हो ? यी त मनको कर्मका बाह्य स्वरूप मात्र हुन् । पहिला मनमा कर्म बन्दछ । तब त्यो प्रबल हुँदै-हुँदै वचनको रूपमा बाहिर प्रकट हुन्छ । अझ प्रबल भयो भने शरीरमा प्रकट हुन थाल्छ । मुख्य जरा त मनमा हुने भयो । त्यसैले कर्म त मनमा पहिला शुरू हुन्छ । वचनबाट हुने प्रत्येक कर्म र शरीरबाट हुने प्रत्येक कर्म मनबाट हुने कर्मको सन्तान हुन् । त्यसैले मनको कर्म नै प्रमुख कर्म हो ।

एउटा उदाहरणद्वारा बुझौं– भनौं कोही व्यक्तिसंग मेरो सम्वन्ध बिग्रीएको छ । उनलाई देख्ने बित्तिकै मनले काम गर्न शुरू गर्छ । मनमा ऊ प्रति रीस उठ्न थाल्छ, द्वेष जाग्छ, दुर्भावना उत्पन्न हुन्छ । बढ्दै-बढ्दै गएपछि बोल्न थालिन्छ, उसलाई गाली दिन्छ, अपमान गरिन्छ । वाणीद्वारा दुष्कर्म गरियो । त्यस्तै मनको कर्मले उग्र रूप लिंदै-लिंदै शरीरमा ब्यक्त हुन थाल्छ, हात-पात हुन्छ, साथमा लट्ठी, पिस्तोल, बन्दुक छ भने हिर्काउँछ, हान्छ । शायद उसको हत्या पनि हुन सक्छ । शरीरद्वारा दुष्कर्म हुन पुग्छ । यो वचनद्वारा गरिने दुष्कर्म, शरीरद्वारा गरिने दुष्कर्म आखिरमा के हो त ? यी त मनद्वारा गरिने दुष्कर्मको बाहिरी प्रकटीकरण मात्र हो । मनको दुष्कर्मका सन्तान हुन् । जरो त मन नै हो ।

दष्कर्म जस्तै सत्कर्म पनि त्यस्तै हो । कोही दुःखी व्यक्तिलाई देखेपछि मनले काम गर्न थाल्छ । उनी प्रति बडो दया जाग्छ । करूणा जाग्छ । यो प्रबल हुँदै-हुँदै वाणीमा प्रकट हुन्छ । उनलाई केही सान्त्वनाका शब्दहरू भन्न थाल्छन्, मायाका शब्दहरू भन्न थाल्छन् । वाणीद्वारा केही सत्कर्म हुन पुग्यो । त्यस्तै मनको सत्कर्म तेज हुँदै-हुँदै शरीरमा व्यक्त हुन थाल्छ, उसलाई सहायता गर्न पुग्छ । आफूसंग भएको सामान दिईन्छ, दान दिईन्छ । शरीरद्वारा सत्कर्म गरियो । यी वाणीका सत्कर्म, शरीरका सत्कर्म पनि मनको सत्कर्मको नै सन्तान हुन् । त्यसैले मनको कर्म नै मुख्य हो । सत्कर्म होस् अथवा दुष्कर्म होस् हामीलाई त मनको कर्ममा पहरा लगाउनु छ । यदि मनको कर्म प्रति सजग हुन थालियो भने वाणीद्वारा दुष्कर्म हुन नै पाउँदैन । सजग छ भने दुष्कर्म कसरी गर्न पुग्छ ? वाणीद्वारा वा शरीरद्वारा दुष्कर्म कसरी गर्छ ? फेरि विपश्यना गर्दै-गर्दै विकारका जराहरू निस्किन थाल्यो भने त मन निर्मल हुन पुग्छ । तब त सत्कर्म नै सत्कर्म मात्र गर्दछ । किनकि मन निर्मल भईसकेको छ नि । तब जुनसुकै काम गरे ता पनि सत्कर्म नै सत्कर्म हुन्छ । राम्रो काम नै राम्रो काम हुन्छ । निर्मल नै निर्मल हुन्छ । प्रकृतिले जुन दण्ड दिन्छ, जुन फल दिन्छ ती मनको कर्मको लागि नै दिईन्छ । वचनको कर्म र शरीरको कर्मका लागि होईन । प्रकृतिले मनको कर्मलाई हेर्दछ । चित्तको चेतना कस्तो छ ? चित्तको जस्तो चेतना छ त्यस्तै प्रकारको फल पाउँदछ ।

*क्रमशः अर्को अङ्कमा ...*

## *आवरण चित्र परिचय बाँकी अंश ... ...*

सकियोभने अन्तर्चक्षु, प्रज्ञा चक्षु खुल्दछ, विद्या उत्पन्न हुन्छ, अविद्या नष्ट हुन्छ । मुक्तिको प्रकाश उत्पन्न हुन्छ । यस्तो मार्ग, जुन मार्गले सबै विकारहरू निर्मुल पार्दछ, शान्ति प्रदान गर्ने, अभिज्ञान सहितको सम्बोधि प्रदान गर्ने यो मार्ग हो ।

यो शील, समाधि, प्रज्ञाका आठवटा अंग भएको आर्यहरूको मार्ग हो । यी आठवटा मार्गहरू यसरी छन्–

१) सम्यक् दृष्टि
२) सम्यक् संकल्प (प्रज्ञाको लागि)
३) सम्यक् वचन
४) सम्यक् कर्मान्त
५) सम्यक् आजीविका (शील सदाचारको लागि)
६) सम्यक् व्यायाम
७) सम्यक् स्मृति
८) सम्यक् समाधि (सजगता र समाधिको लागि)

यही मध्यम मार्ग हो जुन मार्गमा जान सक्ने व्यक्ति आर्य बन्ने छ । जन्म-मरणको भव संसारबाट मुक्त हुनेछ ।

आषाढ पूर्णिमाको दिन लोकगुरु भगवान् बुद्धले यो धर्मचक्र प्रवर्तन गर्नुभयो । त्यसदिन देखि सबै परम्परामा आषाढ पूर्णिमालाई "गुरुपूर्णिमा" भनियो । यस्तो हुनु उचित नै थियो । ■

# अग्रस्थान प्राप्त ८० जना श्रावक श्राविकाहरू

नेपाल भाषामा अनुवाद- **धम्मवती गुरुमां**, धम्माचरिय
नेपाली भाषामा अनुवाद- **वीर्यवती गुरुमां**

शाक्यमुनि बुद्धको जीवनकालमा भिक्षु, भिक्षुणी, उपासक र उपासिका (पुरुष वर्ग र नारीवर्ग) तराजुमा जोखेर हेर्दा भेदभाव रहित बराबर देखिन्छन् । अर्को शब्दमा भन्ने हो भने उहाँहरूको धर्म बुझ्ने र अभ्यास गर्ने क्षमता बराबर देखिन्छ । किनभने शाक्यमुनि बुद्धको जीवनकालमा उहाँले नारी पुरुषको आआफ्नो योग्यता एवं क्षमता अनुसार समान रुपले पदवी दिभएको ऐतिहासिक घटनालाई अध्ययन गरेर सादर मनन गनुपर्ने देखिन्छ । बुद्धकालिन समयमा भिक्षुहरूलाई उहाँहरूको योग्यतानुसार भगवान् बुद्धले ४७ वटा अग्र पद दिनुभएको उल्लेख छ। यसरी नै भिक्षुणीहरूलाई उहाँहरूको योग्यतानुसार १३ वटा अग्रपदवी दिनुभएको उल्लेख छ । त्यति मात्र होइन १० वटा अग्रपद उपासकहरूलाई र उपासिकाहरूलाई पनि उहाँहरूको योग्यतानुसार १० वटा अग्रपदवी दिनुभएको कुरा उल्लेख छ ।

त्यसबेला लिङ्गभेदको लागि कुनै स्थान नदिइएको प्रष्टिन्छ । धर्मक्षेत्रमा इमान्दारीता पूर्वक गरिएको मेहेनतलाई भगवान् बुद्धले सहर्ष स्वीकार गर्नुभएको छ । यस्तो भेदभाव रहित प्रथालाई निरन्तरता दिइरहन सक्नु नै धर्मलाई निरन्तरता दिनु हो । धर्मलाई निरन्तरता दिनु नै बुद्धशासनलाई चिरस्थायी बनाउनु हो भन्दा अत्युक्ति हुने छैन । त्यसैले होला भगवान् बुद्धले बुद्ध शासन रुपी रथ निर्भिघ्न पूर्वक गुडाउन भिक्षु, भिक्षुणी, उपासक र उपासिका रुपी चार वटा पाङ्ग्राहरू अत्यन्त महत्त्वपूर्ण रहेको कुरा उल्लेख गर्नु भएको देखिन्छ ।

अब बुद्धकालिन समयमा भगवान् बुद्धको तर्फबाट अग्रपद हासिल गर्ने सौभाग्य प्राप्त गर्नुभएका भिक्षु, भिक्षुणी, उपासक र उपासिकाहरूको अग्रपद र उहाँहरूको नाम विषयमा जानकारी लिऔं ।

**अग्रस्थान प्राप्त ८० जना श्रावक श्राविकाहरू**

**४७ वटा अग्रपद प्राप्त भिक्षुहरूको नाम र पदवी**

१. **रत्तञ्ञुजनं अग्गो अञ्ञासि कोण्डञ्ञ थेरो**
वर्षावास संख्या धेरै भएका अर्थात् रात्रीको मूल्य बुझेका भिक्षुहरू मध्ये अग्र भिक्षु अञ्ञासि कोण्डञ्ञ स्थविर हुनुहुन्छ (धेरै रात्री बिताइसक्नु भएका वर्षमा जेठो भिक्षु)

२. **महापञ्ञानं अग्गो सारिपुत्त थेरो**
प्रज्ञावान् भिक्षुहरू मध्ये अग्र सारिपुत्र स्थविर ।

३. **इद्धिमन्तानं अग्गो मोग्गल्लान थेरो**
ऋद्धिवान् भिक्षुहरू मध्ये अग्र मोग्गलायन स्थविर ।

४. **धुतवादानं अग्गो महाकस्सप थेरो**
धुतङ्गधारी भिक्षुहरूमध्ये अग्र महाकाश्यप स्थविर ।

५. **दिब्बचक्खुकानं अग्गो अनुरुद्ध थेरो**
दिव्यचक्षु भएका भिक्षुहरूमध्ये अग्र अनुरुद्ध स्थविर ।

६. **उच्चकुलिकानं अग्गो भद्दिय थेरो**
उत्तम जाति भिक्षुहरू मध्ये अग्र कालिगोधापुत्र भद्दिय स्थविर ।

७. **मञ्जुस्सरानं अग्गो लकुण्टक भद्दिय थेरो**
सुरीलो मनमोहक स्वरले कुरा गर्न सिपालु भिक्षुहरू मध्ये अग्र लकुण्टक भद्दिय स्थविर ।

८. **सिंहनादिकानं अग्गो पिण्डोल भारद्वाज थेरो**
सिंहराजा जस्तै निर्भिक रुपले कुरा गर्न सक्षम भिक्षुहरू मध्ये अग्र पिण्डोल भारद्वाज स्थविर ।

९. **धम्मकथिकानं अग्गो मन्ताणीपुत्तोपुण्ण थेरो**
धर्मदेशना गर्न सिपालु भिक्षुहरूमध्ये अग्र मन्ताणी ब्राह्मणी पुत्र पुण्ण स्थविर ।

१०. **संखित्तेन भासितस्स वित्थारेन अत्थं विभजन्तानं अग्गो महाकच्चानं थेरो**
संक्षिप्त रुपले बताइएको धर्मज्ञानलाई विस्तृत रुपले ब्याख्या गर्न सिपालु भिक्षुहरू मध्ये अग्र महाकच्चायन स्थविर ।

११. **मनोमयकायं अभि निम्मिनन्तान अग्गो चूलपन्थ थेरो**
चित्तबलले आफ्नो शरीरलाई धेरै संख्यामा निर्माण गर्न सक्ने कार्यमा अग्र चूलपन्थ स्थविर ।

१२. **चेतो विवट्ट कुसलानं अग्गो चूलपन्थ थेरो**
रुपावचर ध्यानको माध्यमबाट आफ्नो इच्छानुसार ध्यान गर्न सक्षम भिक्षुहरूमध्ये अग्र चूलपन्थ स्थविर ।

१३. **सञ्ञा विवट्ट कुसलानं अग्गो महापन्थ थेरो**
अरुपावचर ध्यानको माध्यमबाट आफ्नो इच्छानुसार ध्यान गर्न सक्षम भिक्षुहरू मध्ये अग्र महापन्थ स्थविर ।

१४. **अरण विहारिकानं अग्गो सुभूति थेरो**
क्लेशबाट अलग्ग रहन सक्ने भिक्षुहरू मध्ये अग्र सुभूति स्थविर ।

१५. **दक्खिनेय्यानं अग्गो सुभूति थेरो**
उत्तम दानपात्र हुन सक्षम भिक्षुहरू मध्ये अग्र सुभूति स्थविर ।

१६. **आरञ्ञकानं अग्गो खदीर रेवत स्थविर**
जंगलमा रही दुःख भोग गर्न सक्ने भिक्षुहरू मध्ये अग्र खदीरवनिय रेवत स्थविर ।

१७. **झायिनं अग्गो कङ्खा रेवत थेरो**
ध्यानमा रमाउन सक्ने भिक्षुहरू मध्ये अग्र कङ्खा रेवत स्थविर ।

१८. **आरद्ध वीरियानं अग्गो कोलिविसोसोण थेरो**
वीर्यवान् भिक्षुहरू मध्ये अग्र सोण स्थविर ।

१९. **कल्याण वाक्करणानं अग्गो सोणकुटि कण्ण थेरो**
मन आनन्द हुने गरी कुरा गर्न जान्ने भिक्षुहरू मध्ये अग्र कोटिकण्ण सोण स्थविर ।

२०. **लाभिनं अग्गो सीवलि थेरो**
लाभ सत्कार धेरै भएका भिक्षुहरू मध्ये अग्र शीवलि स्थविर ।

२१. **सद्धाधिमुत्तानं अग्गो वक्कलि थेरो**
श्राद्धवान् भिक्षुहरू मध्ये अग्र वक्कलि स्थविर ।

२२. **सिक्खा कामानं अग्गो राहुल थेरो**
शिक्षा सिक्ने मन भएका भिक्षुहरू मध्ये अग्र राहुल स्थविर ।

२३. **सद्धा पब्बजितानं अग्गो रट्ठपाल थेरो**
श्रद्धापूर्वक प्रव्रजित भएका भिक्षुहरू मध्ये अग्र राष्ट्रपाल स्थविर ।

२४. **पठमं सलाक गणहन्तानं अग्गो कुण्डधान थेरो**
गोला प्रथाद्वारा दान गर्दा दान प्राप्त गर्न सफल भिक्षुहरू मध्ये अग्र कुण्डधान स्थविर ।

२५. **पटिभान वन्तानं अग्गो वङ्गिस थेरो**
विचित्र ज्ञान भएका भिक्षुहरू मध्ये अग्र वङ्गीस स्थविर ।

२६. **समन्तपासादिकानं अग्गो उपसेन वङ्गन्तपुत्त थेरो**
श्रद्धा राख्न योग्य हुनुभएका भिक्षुहरू मध्ये अग्र वङ्गन्तपुत्त उपसेन स्थविर ।

२७. **सेनासन पञ्ञापकानं अग्गो दब्ब थेरो**
विहारमा स्थान मिलाउने कार्यमा सिपालु भिक्षुहरू मध्ये अग्र दब्ब स्थविर ।

२८. **देवतानं पियमनापानं अग्गो पिलिन्दवच्छ थेरो**
दिवताहरूलाई प्रिय लाग्ने भिक्षुहरू मध्ये अग्र पिलिन्दवच्छ स्थविर ।

२९. **खिप्पाभिञ्ञानं अग्गो बाहिय दारुचीरिय थेरो**
सिघ्र रुपले मार्गफल प्राप्त गर्न सफल भिक्षुहरू मध्ये अग्र बाहिय दारुचीरिय स्थविर ।

३०. **चित्त कथिकानं अग्गो कुमार कस्सप थेरो**
विचित्र रुपले धर्मदेशना गर्न सक्षम भिक्षुहरू मध्ये अग्र कुमार काश्यप स्थविर ।

३१. **पटिसम्भिदा पत्तानं अग्गो महाकोलित थेरो ।**
चारवटा पटिसम्भिदा प्राप्त भिक्षुहरू मध्ये अग्र महाकोलित स्थविर ।

३२. **बहुस्सुतानं अग्गो आनन्द थेरो**
बहुसुत्त (विद्वत्तापूर्ण) भएका भिक्षुहरू मध्ये अग्र आनन्द स्थविर ।

३३. **सतिमन्तानं अग्गो आनन्द थेरो**
बुद्ध वचनलाई सम्झन सक्ने, स्मरण गर्न सक्ने भिक्षुहरू मध्ये अग्र आनन्द स्थविर ।

३४. **गतिमन्तानं अग्गो आनन्द थेरो ।**
भगवान् बुद्धले बताउनु भएका ज्ञान बताइए अनुसार स्मरण गरी बुझ्न सक्ने क्षमता भएका भिक्षुहरू मध्ये अग्र आनन्द स्थविर ।

३५. **उपट्ठाकानं अग्गो आनन्द थेरो**
भगवान् बुद्धलाई सेवा गर्नुहुने भिक्षुहरू मध्ये अग्र आनन्द स्थविर ।

३६. **धितिमन्तानं अग्गो आनन्द थेरो**
भगवान् बुद्ध समक्ष बराबर उपस्थित भई ज्ञान सिक्न मेहनत गर्ने भिक्षुहरू मध्ये अग्र आनन्द स्थविर (धैर्यवान्) ।

३७. **महापरिसानं अग्गो उरुवेल कस्सप थेरो**
बहुसंख्य चेला भएका भिक्षुहरू मध्ये अग्र उरुवेल काश्यप स्थविर ।

**३८. कुलपसादकानं अग्गो कालुदायि थेरो**
आफ्ना नाताकुटुम्बहरूलाई श्रद्धा उत्पन्न गराउन जान्ने भिक्षुहरू मध्ये अग्र कालुदायि स्थविर ।

**३९. अप्पाबाधानं अग्गो बाकुल थेरो**
निरोगी भिक्षुहरू मध्ये अग्र बाकुल स्थविर ।

**४०. पुब्बेनिवासं अनुस्सरन्तानं अग्गो सोभित थेरो**
पूर्वजन्मको कुराहरू थाहा पाउन सक्षम भिक्षुहरू मध्ये अग्र सोभित स्थविर ।

**४१. विनयधरानं अग्गो उपालि थेरो**
विनय नियम बुझ्न सक्षम र विनय नियम पालन भएका भिक्षुहरू मध्ये अग्र उपालि स्थविर ।

**४२. भिक्खुनोवादकानं अग्गो नन्दक थेरो**
भिक्षुणीहरूलाई उपदेश दिन सिपालु भिक्षुहरू मध्ये अग्र नन्दक स्थविर ।

**४३. इन्द्रियेसु गुत्तद्वारानं अग्गो नन्द थेरो**
इन्द्रिय संवर (संयम) गर्न सक्षम भिक्षुहरू मध्ये अग्र नन्द स्थविर ।

**४४. भिक्खु ओवादकानं अग्गो महाकप्पिन थेरो**
भिक्षुहरूलाई उपदेश दिन सक्षम भिक्षुहरू मध्ये अग्र महाकप्पिन स्थविर ।

**४५. तेजो धातु कुसलानं अग्गो सागत थेरो**
तेजो धातु ध्यान गर्न सक्षम भिक्षुहरू मध्ये अग्र सागत स्थविर ।

**४६. पटिभानेय्यकानं अग्गो राध थेरो**
धर्मलाई सिघ्र रुपले बुझ्न सक्ने देख्न सक्ने पटिभाण (प्रतिभा) भएका भिक्षुहरू मध्ये अग्र राध स्थविर ।

**४७. लूख चीवर धरानं अग्गो मोघराज थेरो**
नराम्रो चीवर लगाउन सक्ने भिक्षुहरू मध्ये अग्र मोघराज स्थविर ।

**अग्रपद प्राप्त गर्न सफल भिक्षुणीहरू र १३ वटा अग्रपदहरू**

**१. रत्तञ्ञुनं अग्गा महाप्रजापति गोतमी थेरी**
वढि वर्षावास बिताउन सफल वा रात्रीको महत्त्व बुझेका भिक्षुणीहरू मध्ये अग्र महाप्रजापति गौतमी थेरी ।

**२. महापञ्ञानं अग्गा खेमा थेरी**
प्रज्ञावन भिक्षुणीहरू मध्ये अग्र खेमा थेरी ।

**३. इद्धिमन्तानं अग्गा उप्पलवण्णा थेरी**
ऋद्धिवान् भिक्षुणीहरू मध्ये अग्र उप्पलवण्णा थेरी ।

**४. विनय धरानं अग्गा पटाचारा थेरी**
विनयधर भिक्षुणीहरू मध्ये अग्र पटाचारी थेरी

**५. धम्मकथिकानं अग्गा धम्मदिन्ना थेरी**
राम्ररी धर्मदेशना गर्न सिपालु भिक्षुणीहरू मध्ये अग्र धम्मदिन्ना थेरी ।

**६. झायिनं अग्गा नन्दा थेरी**
ध्यान गर्न रमाइलो मान्ने भिक्षुणीहरू मध्ये अग्र नन्दा थेरी ।

**७. आरद्ध वीरियानं अग्गा सोणा थेरी**
वीर्यवान् भिक्षुणीहरू मध्ये अग्र सोणा थेरी ।

**८. दिब्ब चक्खुकानं अग्गा बकुला थेरी**
दिव्य चक्षु अभिज्ञान प्राप्त भिक्षुणीहरू मध्ये अग्र बकुला थेरी ।

**९. खिप्पाभिञ्ञाणं अग्गा कुण्डलकेसा थेरी**
मार्गफल चाँडै प्राप्त गर्न सक्षम भिक्षुणीहरू मध्ये अग्र भद्दाकुण्डलकेसा थेरी ।

**१०. पुब्बेनिवासानं अग्गा भद्दाकापिलानी थेरी**
पूर्वजन्मको विषमा ज्ञान भएका भिक्षुणीहरू मध्ये अग्र भद्दा कापिलायनि थेरी ।

**११. महाभिञ्ञाप्पत्तानं अग्गा भद्दाकच्चाना थेरी ।**
उत्तम अभिज्ञा ज्ञान प्राप्त गर्न सक्षम भिक्षुणीहरू मध्ये अग्र भद्दा कच्चाना थेरी ।

**१२. लूख चीवर धरानं अग्गा किसागोतमि थेरी**
नराम्रो चीवर लगाउन सक्ने भिक्षुणीहरू मध्ये अग्र किसा गौतमी थेरी ।

**१३. सद्धाभिमुत्तानं अग्गा सिङ्गालक माता थेरी**
श्रद्धावान् भिक्षुणीहरू मध्ये अग्र सिङ्गालक माता थेरी ।

**अग्रपदवि प्राप्त उपासकहरू र १० वटा अग्रपदहरू**

**१. पथम सरणं गच्छन्तानं अग्गा तपुस्स भल्लिक उपासका**
प्रथम पटक (बुद्ध शासनमा) शरण आएका उपासकहरू मध्ये अग्र तपुस्स र भल्लिक उपासकहरू ।

**२. दायकानं अग्गो सुदत्तो अनाथपिण्डिक उपासको**
दान दिने कार्यमा रमाईलो मान्ने उपासकहरू मध्ये अग्र सुदत्त नाम भएका अनाथपिण्डिक उपासक ।

**३. धम्म कथिकानं अग्गो चित्त गहपति उपासक**

धर्मदेशना गर्न सिपालु उपासकहरू मध्ये अग्र मच्छिकासण्ड निवासी चित्त गहपति उपासक ।

४. **चतूहि सङ्गह वत्थुहि सङ्गण्हन्तानं अग्गो हत्थक आलवको उपासको**
चारवटा उपकार वस्तु वा चतु प्रत्यय अर्थात आधारभूत आवश्यकता (खाना, लुगा, बास, स्थान र औषधी) दान दिई परिषदलाई चित्त बुझाउन सक्षम उपासकहरू मध्ये अग्र हत्थक आलवक उपासक ।

५. **पणीत दायकानं अग्गो महानाम उपासको**
उत्तम चीज बस्तु दान दिने कार्यमा सिपालु उपासकहरू मध्ये अग्र महानाम उपासक ।

६. **मनाप दायकानं अग्गो उग्गगहपति उपासको**
(दान लिने व्यक्तिहरूलाई) मन पर्ने चीज बस्तुहरू दान दिने कार्यमा सिपालु उपासकहरू मध्ये अग्र वैशालिका उग्ग महाजन उपासक ।

७. **संघुपट्ठाकानं अग्गो उग्गत गहपति उपासको**
भिक्षु संघलाई सेवा गर्ने कार्यमा सिपालु उपासकहरू मध्ये अग्र हत्थी गाउँका उग्गत महाजन उपासक ।

८. **अवेच्च पसन्नानं अग्गो सूरम्बट्ठ उपासको**
बुद्ध शासनमा निरन्तर रुपले श्रद्धावान् उपासकहरू मध्ये अग्र सूरम्बट्ठ उपासक ।

९. **पुग्गलप्पसन्नानं अग्गो जीवक उपासको**
व्यक्तिहरूको गुण सम्झी उनीहरूलाई श्रद्धापूर्वक व्यवहार गर्न सिपालु उपासकहरू मध्ये अग्र अभय पुत्र जीवक उपासक ।

१०. **विस्सासकानं अग्गो नकुलपितु गहपति उपासको**
भगवान् बुद्ध संग घुलमिल भई मेलमिलाप पूर्वक कुरा गर्न सक्षम उपासकहरू मध्ये अग्र नकुलपिता उपासक ।

**अग्रपदवि प्राप्त उपासिकाहरू र १० वटा अग्रपदहरू**

१. **पठमं शरणं गच्छन्तीनं अग्गा सुजाता उपासिका**
प्रथम पटक भगवान् बुद्धको शरण गएका उपासिकाहरू मध्ये अग्र सेनिय गाउँका सुजाता उपासिका ।

२. **दायिकानं अग्गा विसाखा उपासिका**
दान दिने कार्यमा रमाउने उपासिकाहरू मध्ये अग्र मिगार सेठका माता विशाखा उपासिका ।

३. **बहुस्सुतानं अग्गा खुज्जुत्तरा उपासिका**
बहुश्रुत ज्ञान भएका (जान्ने सुन्ने ज्ञाता) उपासिकाहरू मध्ये अग्र खुज्जुत्तरा उपासिका ।

४. **मेत्ताविहारीनं अग्गा सामावती उपासिका**
मैत्री चित्त बलवान् भएका उपासिकाहरू मध्ये अग्र श्यामावती उपासिका ।

५. **झायिनं अग्गा उत्तरा नन्दमाता उपासिका ।**
ध्यान गर्न रमाउने उपासिकाहरू मध्ये अग्र नन्दका माता उत्तरा उपासिका ।

६. **पणीत दायिकानं अग्गा सुप्पवासा उपासिका**
उत्तम, उत्तम चीज वस्तु दान दिने कार्यमा सिपालु उपासिकाहरू मध्ये अग्र सुप्पवासा उपासिका ।

७. **गिलानुपट्ठाकीनं अग्गा सुप्पिया उपासिका**
रोगी सेवा गर्ने कार्यमा दक्ष उपासिकाहरू मध्ये अग्र सुप्पिया उपासिका ।

८. **अवेच्चप्पसन्नानं अग्गा कातियानि उपासिका**
बुद्ध शासनमा दृढ श्रद्धावान् भएका उपासिकाहरू मध्ये अग्र कातियानी उपासिका ।

९. **विस्सासिकानं अग्गा नकुलमाता उपासिका**
भगवान् बुद्ध समिप उहाँसंग विश्वास पूर्वक व्यवहार गर्ने सिपालु उपासिकाहरू मध्ये अग्र नकुलमाता उपासिका ।

१०. **अनुस्सवप्पसन्नानं अग्गा कालि कुरर घरिका उपासिका**
कुरा सुनेको भरमा श्रद्धा राख्न सिपालु उपासिकाहरू मध्ये अग्र कुररघरका कालि उपासिका । ■

*साभार, स्रोत : विशेष बौद्ध :*

*'विशेष बौद्ध' अनुवादिका- धम्मवती धम्माचारिय*
*प्रकाशक- धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी,*
*धर्मकीर्ति विहार २०४६ साल ।*

## बुद्धहरूको उपदेश

**– "श्रद्धावान्, शीलवान् र यशका भागी व्यक्ति जहाँ गए पनि सम्मान सत्कारको पात्र बन्दछ ।"**

**– "साधुसन्तहरू टाढा बसे पनि हिमालय झैं चम्कन्छ, असत्पुरुषहरू रातको अन्धकारमा छोडे को वाण झैं देखिंदैन ।"**



# दीघ निकाय ग्रन्थको संक्षिप्त परिचय–२

✍ लोचनतारा तुलाधर

यही समयमा तथागतले भिक्षु आनन्दलाई आज्ञा हुनुभयो– "दुइटा भिक्षा (पिण्डपात) को समान फलदायी छ, यी पिण्डपात अरूभन्दा महान् फलदायी, महान आनिशंसको छन् । यी दुई जुन भोजनपछि तथागतले अनुत्तर सम्यक सम्बोधि प्राप्त गर्नुभयो र अरू जुन भोजन पछि तथागतले अनुपादिशेष निर्वाण प्राप्त गर्नुभयो ।

त्यसपछि भगवान् बुद्ध भिक्षु आनन्दसंग कुशीनगरको शालबनमा प्रस्थान गर्नुभयो । त्यहाँ दुई शाल रूख बीच उत्तर सिरान पारी खाट मिलाएर आराम गर्नुभयो । त्यहाँ तथागतले भिक्षु आनन्दलाई चारवटा संवेजनीय स्थानहरूबारे बताउनु भयो । शास्ताको परिनिर्वाण पश्चात् श्रद्धालु भिक्षु, भिक्षुणी, उपासक तथा उपासिकाहरूलाई यी चार दर्शनीय तथा संवेजनीय स्थान हुनेछन्– (१) जहाँ तथागतको जन्म भयो– लुम्बिनी; (२) जहाँ तथागतले अनुत्तर सम्यक सम्बोधि प्राप्त गर्नुभयो– बुद्धगया; (३) जहाँ तथागतले अनुत्तर धर्मचक्र प्रवर्त्तन गर्नुभयो– सारनाथ; र (४) जहाँ तथागतले अनुपादिशेष निर्वाण धातुद्वारा परिनिर्वाण प्राप्त गर्नुहुन्छ– कुशीनगर ।

त्यस समय कुशीनगरमा सुभद्र भन्ने परिब्राजक रहनु भएको थियो । उनी भगवान् बुद्धप्रति श्रद्धावान् थियो र उनले आफूलाई शंका भएको धर्मको कुरा भगवान्संग सोध्ने विचारले बुद्ध सम्मुख पुगे । शास्ताले उनलाई धर्म कथाद्वारा संतुष्ट गराई प्रव्रज्या दिने आज्ञा हुनुभयो । यसरी सुभद्र बुद्धले अन्तिम शिष्य बन्न पुगे ।

भिक्षु आनन्दद्वारा बुद्धको शरीर कसरी पूजा गर्ने भन्ने प्रश्नमा तथागतले बुद्धको शरीरलाई चक्रवर्ती राजाको शरीर जस्तै पूजा गर्ने कुरा बताउनु भयो ।

भगवान् शास्ताले अन्तिम समयमा भिक्षु आनन्दलाई आज्ञा हुनुभयो कि शास्ताको परिनिर्वाण पछि शास्ताले देशना गर्नुभएको धर्म र विनय नै तिमीहरूको शास्ता हुने छ । त्यसपछि भगवान्ले भिक्षुहरू आमन्त्रित गर्नुभई आज्ञा हुनुभयो– **"हन्द दानि, भिक्खवे, आमन्तयामि वो - वय धम्मा सङ्खारा, अप्पमादेन सम्पादेथा'ति । अयं तथागतस्स पच्छिमा वाचा ।"** अर्थात् भिक्षुहरू ! अब तिमीहरूलाई आमन्त्रणा गर्छु - संस्कार व्यय धर्मा (नाशवान्) हो । अप्रमाद भई सम्पादन गर । यो तथागतको अन्तिम वचन हो ।" यसरी तथागतले अन्तिम समयसम्म नै लोक हितको लागि वचन वाचन गर्नुभयो । यसरी तथागत परिनिर्वाण हुनुभयो । तत्कालै ठूलो भूकम्प गयो । त्यससमय अवीतरागी भिक्षुहरूले नानाप्रकारले विरह गर्दै विलाप गरे भने वीतरागी भिक्षुहरूले स्मृति सम्प्रजन्यद्वारा संस्कार धर्म अनित्य हो भनी आफूहरूलाई वोध गरे ।

त्यसपछि कुशीनगरका मल्लहरू अन्तिम संस्कारका लागि तयारीमा जुटे । भिक्षु महाकाश्यम सहित पाँचसय जना भिक्षुहरूको वन्दना पश्चात् तथागतको शरीरको चिता आफै जलेर आए । तथागतको अस्तिधातु द्रोण ब्राह्मणद्वारा आठ भागमा विभाजित गरियो– १) मगधराजा अजातशत्रुलाई २) वैशालीको लिच्छवीहरूलाई ३) कपिलवस्तुका शाक्यहरू ४) अल्लकप्पका राजकुमारहरूलाई ५) रामग्रामका कोलियहरूलाई ६) वेदपीठका ब्राह्मणहरूलाई ७) पावाका मल्लहरूलाई ८) कुशीनगरका मल्लहरूलाई । यी आठ भागपछि द्रोण ब्राह्मण आफूलाई सबैलाई नापेर दिएको कुम्भ (भाँडो) लिए भने सबभन्दा पछि आएका पिप्पलीवनका मौर्यहरूलाई अस्थिधातु नपुगेकाले जली सकेर बाँकी भएको अंगार प्राप्त गरी लिए । यसरी दश किसिमले धातु प्राप्त गरेका सम्बन्धितहरूले आ-आफ्नो स्थानमा लगेर स्तूप बनाई पूजा गरे ।

यसरी यस महापरिनिर्वाण सूत्रमा बुद्ध जीवनीका धेरै महत्वपूर्ण पक्षहरू समेटिएका छन् ।

*क्रमशः अर्को अङ्कमा ... ...*

# ओहो ! परियत्ति शिक्षा



- शिशिल चित्रकार

समाजको स्वच्छता वा अस्वस्थ अवस्थामा शिक्षाको भूमिका रहन्छ कति लेख पढेको प्रमाणपत्रको आधारमा विभिन्न कार्यहरूको मापदण्ड मापिन्छ । तर खाली स्कूल, कलेजको पाठ्यक्रम बमोजिमको प्रमाणपत्रधारीलाई मात्र वास्तविक शिक्षा मानी त्यसको आधारमा मात्र व्यक्तिको प्रगतिको सुचकांक बनाउन नै आजको विश्वको दुर्व्यवस्थाको कारक तत्व मान्न सकिन्छ कि सकिंदैन ? जीवनको प्रत्येक क्षणमा चाहिने बुद्ध शिक्षालाई राज्यले नअंगालेको अवस्थामा समाज विकासको परीकल्पना गर्न पनि शायद व्यर्थ नै होला । तर सुखकर नै मान्नु पर्छ, केही दशक देखि नेपाल भिक्षु महासंघ, नेपाल बौद्ध परियत्ति शिक्षा मार्फत भए पनि केही हदमा बुद्ध शिक्षा प्रवाह भइरहेको छ र जस-जसले यो अवसर पाएको छ भाग्यमानी मान्न सकिन्छ । यसलाई सर्वसुलभ र आम जनमानसमा पुऱ्याउन सरकारी पक्षको थप सहयोगको अपेक्षा गर्न सकिन्छ । यो शिक्षा (परियत्ति) नै जीवन, समाज निर्माणको पहिलो जग हुन् भने यसकै अर्को पक्ष व्यवहारमा आउने परिणाम हुन् । आज यो पहिलो खुड्किलाको अभावमा समाजको दुर्व्यबस्थाको चर्चा गर्नु पनि व्यर्थको गफ सिवाय अरू के हुन सक्छ ?

प्रसङ्गवस मैले पनि आफ्नै अध्ययन (स्वइच्छा) वाहेक अहिलेसम्म कुनै औपचारिक रूपमा परियत्ति शिक्षा लिएको थिइन (बाल्यकालमा गणमहाविहारमा केही महिना कक्षामा गएको तर शुरुकै तह पनि पूर्णता नभएको), तर गत वर्ष बि.सं. २०७८ को परियत्ति शिक्षा कक्षा ७, परियत्ति सद्धम्म पालक उपाधि परीक्षा दिने अवसर (भाग्य ?) जुऱ्यो । कयौं महानुभावहरूले कोविद उपाधि, स्नातकोत्तर तथा पि.एच.डी. पदवी पनि हासिल गरी सक्नु भएको अवस्थामा परियत्ति सद्धम्म पालक (कक्षा ७) कुनै ठूलो पद त भएन तर यसको संयोग, अवसर र केही समिक्षात्मक टिर्पोट गर्ने प्रयासमात्र गरेको, यसलाई अन्यथा लिनुहुने छैन भनी कामना गर्दछु ।

गत वर्षका सस्त्र परित्याग दिवसको अवसरमा ललितपुरस्थित चारवटा अशोक स्तुपहरूको दर्शन गर्न भनी निस्केको थिएँ भने सोही समयको केही हप्ता अधिमात्र श्रीलंकाबाट प्रदान गरिएको बुद्ध मूर्ति नगर परिक्रमा गरी अष्ट सद्धर्म्मायतन विहारमा राख्नु भएको समाचार पढेकोले सो विहार पनि प्रवेश गरेको थिएँ । उक्त समयमा प्रज्ञासार भन्ते जलपान गर्दै हुनुहुन्थ्यो भने केही समय पश्चात् विहार दाता दया उपासिकाज्यूले हामीलाई पनि जलपान गराउनु भयो । भन्तेसंग केही क्षणको भलाकुसारी मूर्ति दर्शन पश्चात् हामी फर्किने बेलामा वहाँ दया उपासिकाले एउटा पुस्तक परियत्ति शिक्षा, परियत्ति सद्धम्म पालक उपाधि (कक्षा ७) को प्रथम, द्वितीय र पञ्चम पत्र दिनुभई, मलाई सो परीक्षा दिन हौसला दिनुभयो । त्यहाँ पनि मैले अहिलेसम्म परियत्ति कक्षा लिएको छैन, अरू विषय पढे पनि पालि र अभिधर्म कठिन हुने देखिन्छ भनेको थिएँ । तर पनि वहाँले हैन तपाईंले सक्नु हुन्छ मात्र नभनी यो वर्ष (बि.सं. २०७८) परीक्षा दिन पटक-पटक हौसला दिनुभयो । त्यो पुस्तक ल्याएर केही अध्ययन पनि गर्न थालें । बि.सं. २०७८/१०/१३ (डायरीमा उल्लेख) मा विश्व शान्ति विहार गई विहार प्रमुख तथा केन्द्रिय परीक्षा नियन्त्रक, ने.बौ. परियत्ति शिक्षा, बोधिज्ञान महास्थविरज्यूसंग छलफल र थप जिज्ञासा मेट्ने कार्य गरे । उक्त अवसरमा भन्तेज्यूले तृतिय र चतुर्थ पत्र भएको पुस्तक दिनुभयो भने फारम भर्न म्याद र एउटा केन्द्रको आवश्यकता बारे बताउनु भयो । तत्पश्चात् निर्वाणमूर्ति विहार गई सुमना गुरुमासंग भेटी केन्द्रको औपचारीकता आदिको लागि दुईचार पटक भेट गरें ।

दुवै पुस्तक (सबै पत्र) प्राप्त पछि केही टिपोटहरू बनाई अध्ययन गर्न थालें भने माथि भने झैं कुनै पनि

औपचारिक परियत्ति शिक्षा विना पालि भाषा र अभिधर्म त गाह्रो हुने नै भयो । तर जाडोको महिना आमा र म दुवैजना घाम ताप्दै केही घण्टा, दिन, हप्तासंगै एउटै टेवलमा बसेर पनि पुस्तक अध्ययनको क्रम चल्यो । यस क्रममा केही सम्भिंदै गएँ त केही कण्ठ (धम्मपद गाथा, रत्तन सुत्र आदि) गरे । यो कण्ठ गर्नमा मोवाइल, यूटुवको समेत प्रयोगमा ल्याएँ, विशेषगरी मर्निङ्ग वाक्मा यसको बढी प्रयोग भयो ।

जिन्दगीमा शिक्षा त निरन्तर चलिरहने प्रक्रिया नै हुन् प्रश्न त कस्तो शिक्षा लिने अवसर मिल्यो, कस्तो प्रभाव पऱ्यो र कस्तो व्यवहारमा प्रचलन ल्याउने भन्ने नै हुन । देश समाजको सुव्यवस्था, कार्यपालिका लगायत अन्य यावत क्षेत्रको कुशल व्यवस्थापन, सही र दूरदर्शी नेतृत्व, समय र स्रोतको कुशल प्रयोग आदि इत्यादि व्यक्तिको कुशलतामा निर्भर रहने भएकोले यसको परिपूर्तिको लागि बुद्ध शिक्षा नै वास्तविक शिक्षा हो भन्ने आभाष हुन्छ ।

यो परियत्ति शिक्षा ७ को केही पाठ्यक्रम उतार्न प्राशंगिक नै हुने ठान्छु । नव परित्राण निश्रय (मंगल सुत्र), अनागारिका धर्मशीला, पालि भाषावतरण (प्रथम पत्र), धम्मपद पालि र अर्थ, बहुजन हिताय, बहुजन सुखाय, धम्मपदट्ठ कथा (द्वितीय पत्र), अष्टांगिक मार्ग, बहुजन हिताय, बहुजन सुखाय, नेपाली विहारको विशेषता (तृतीय पत्र), बौद्ध जगतका प्रसिद्ध व्यक्तित्वहरू, दश संयोजन, अजात सत्रु (चौथो पत्र), चित्त काण्ड, चैतसिक काण्ड, बुद्ध धर्म सम्वन्धित सामान्य ज्ञान (पाँचौं पत्र) हुन् ।

देश समाजमा शिक्षाको अभाव एकातिर छ भने अर्कोतिर शिक्षाको र चोरी पनि हो कि भन्ने आभाष भयो, वाल्यकाल/युवाकालमा सुने पढेको प्रचलित भनाइ तीनवटा बाँदर (मुख, कान, आँखा छोपेको) लाई महात्मा गान्धीको उपदेश भनी जानेको थिएँ जुन गलत रहेछ । चौंथो पत्रमा उल्लेख भए अनुसार भिक्षु निचिदात्सु फुजीले भारत भ्रमणको बेला प्रथम भेटमा महात्मा गान्धीलाई ३ वटा बाँदरको मूर्ति प्रदान गरेको उल्लेख छ (चौथो पत्र, पृ. १३२, लेखक रत्न सुन्दर शाक्य) जुन कि वास्तविकमा बुद्ध शिक्षा एउटा जातक कथाको सार पनि हो खराव नबोल्नु, खराब नसुन्नु, खराब नहेर्नु । यसरी वास्तवमा बुद्ध शिक्षालाई कयौं अन्य वाद, सम्प्रदायहरूबाट आ-आफ्नो शिक्षा प्रसार गरीरहनु तर बुद्ध शिक्षालाई नकारीरहेको नै आजको समाजको परीचय त होइन ?


नेपालमा हालसम्म जे जति महानुभावहरूले परियत्ति शिक्षा लिनु भएको छ वहाँहरूलाई विशेष धन्यवाद सहित इतिहासको विभिन्न कालखण्ड देखि बुद्ध शिक्षा जोगाइराख्न संघर्ष गर्नुभई हालको यो अवस्थामासम्म ल्याउनमा प्रत्यक्ष अप्रत्यक्ष भूमिका खेल्ने सबै ज्ञात अज्ञात भन्ते, गुरुमांहरू लगायत विभिन्न महानुभावहरू प्रति नतमस्तक अर्पण गर्दछु ।

भन्ते बोधिज्ञानज्यूसंगको भेटमा परीक्षा दिनेकुरा गर्दै, मलाई उत्तिर्ण अनुतिर्णको के अर्थ भयो र, केही पुस्तक पढ्ने र परियत्ति परीक्षाको अनुभव गरँ भनेको याद छ । यो लेख केही महिना अघि लेख्ने विचार थियो त विभिन्न अवरोध, कठिनाईको कारणले लेख्ने अवसर नजुडिरहेकोमा, अहिले परिणाम पनि आइसकेको अवस्थामा भन्तेबाट फाराम भरी देखाउनु भएको सहृदयता, निर्वाणमूर्ति विहारका सुमना गुरुमांको सहयोग अनि पहिलो पुस्तक दिनुभई परीक्षा दिन उत्प्रेरणा दिनुहुने दया उपासिकालाई साधुवाद दिन चाहन्छौं । अन्त्यमा, घाममा बस्दै संगै बसेर पुस्तक पढेको संस्मरण गर्दै त्यसको पुण्यभाव समेत प्राप्त होस् भनी यो लेख दिवंगत आमा प्रति समर्पण गर्दछु । सबैको कल्याण होस्, सबैको मंगल होस् । ■

## धर्मकीर्ति विहारमा बुद्ध पूजा र धर्मदेशना

| क्र. सं. | २०७९ साल | बुद्ध पूजा गर्नुहुने गुरुमांहरू | धर्मदेशना गर्नुहुने गुरुमांहरू |
|---|---|---|---|
| १ | जेठ २४ गते, मंगलवार | शुभवती | शुभवती |
| २ | जेठ ३१ गते, मंगलवार, ज्याः पुन्हि | दानवती | धम्मवती |
| ३ | असार १ गते, बुधवार, संक्रान्ति | इन्दावती | इन्दावती |
| ४ | असार ७ गते, मंगलवार | त्यागवती | त्यागवती |
| ५ | असार १५ गते, बुधवार, औंशी | केशावती | केशावती |

# धम्मोहवे रक्खतीति धम्मचारी



– माधवी गुरुमां

छम्ह श्रद्धावान् उपासकं प्रव्रजित भन्तेगुरुमांपिं म्हं मफैबले वासःयाय्‌गु लागि वासःकोष स्थापना यानादिल। थ्व तःधंगु गुण खः वय्‌कःया। वय्‌कलं थम्हं कमय् यानातःगु ध्यबा सारगु पुण्य क्षत्रय् लाकाः बाँलाःगु ज्या यानादिल। वयकःयात जन्म जन्म पतिकं रोग मज्वीमा। भन्ते गुरुमांपिनि अज्याःगु आधार छुं मदु। थथःपिसं सःसःथें फुथें धर्म प्रचार यानाच्वन। बुद्ध शासनय् च्वनाः थुलि याय्‌फुगु नं तःधंगु देन खः वसपोलपिनि।

छकः छम्ह विदेशी नापलात। वं न्यन-"भन्ते गुरुमांपिन्त जीवन निर्वाह याय्‌त कोष दय्‌कातःगु दुला ?" जिं जवाफ बिया– "मदु छुं नं व्यवस्था मदु।" थ्व जवाफ न्यनाः व मनू तसकं अजू चायाच्वन। धर्म याइपिन्त धर्मं हे रक्षा यानाच्वनी। धन्य उपासकउपासिकापिं सुनां भन्ते गुरुमांपिनिगु महत्त्व थ्वीकाः वसपोलपिनिगु लागि चतुप्रत्यय (नय्‌गु, पुनेगु, च्वनेगु बास व वासः) या प्रवन्ध यानाबी।

भगवान् बुद्धं उकें धयाबिज्यात बुद्ध शासन रुपी रथ न्ह्याकेत प्यंगू घःचाः मदय्‌क मगाः व खः भिक्षु, भिक्षुणी, उपासक व उपासिका।

संसारय् कोरोना रोगं तहल्का मचय् याःगु इलय् मनूत छयँनं पिहां वने मजिल। थुगु अवस्थाय् यक्को मनूतसें देह त्याग यानाः वनेमाल। आः बल्ल उगु रोग शान्त जुयावन। थुगु अवस्थाय् यक्कों विहारे आर्थिक अवस्था नाजुक जुयावंगु न्यनेमाल।

थुजोगु अवस्थाय् बुद्ध वचन लुमना वल। सुनां धर्म अनुसार जीवन न्ह्याकी, वयात धर्मं हे रक्षा याई। अर्थात् "धम्मोहवे रकखतीति धम्माचारी"।

छन्हु छम्ह मर्स्यां तरकारी जायक तयाः थेला गाडा न्ह्याका वल। व मर्स्यां थ्व तरकारी फुक्कं गुरुमांपिन्त खः धकाः तरकारी फुक्क बिल। तर ध्येबा मकाः। तसकं अजू चाल। जि मती वल, शायद सुं आरक्षा देवतापिनि खेल ला थ्व ? कोरोनां यानाः तसकं आपद जुयाच्वंगु इलय् आवश्यकता परिपूर्ति याय्‌गु लागि गुहाली ब्यूवःपिं गनं वल थ्व ? सायद धम्मोहवे रक्खतीति धम्मचारी धाःगु थ्व हे ज्वीका।

कोरोनां यानां विहारय् मनू वै धकाः नं ग्याः। सुं मवइबले आधारभूत आवश्यता परिपूर्ति याय्‌त हे धौ धौ। अथेहे अष्ट्रेलियां निसें हे भ्मी उपासक उपासिका पिसं श्रद्धा तयाः नय्‌त्वनेत मदय्‌क मगाःगु छुचुं, जाकी, आलू, लाभा, पालु, चिकं आदि विहारे तय्‌क्यहःगु भ्मल भ्मल लुमं।

उलिजक मखु द्योमां छम्हस्यां नं नय्‌त माःगु सामानत लय्‌लय् पतिकं भरे यानाः पुण्य संचय यानाच्वंगु दनि आतक नं।


जिं मती तया धर्मयाईपिन्त धर्मं रक्षा याःधाःगु थ्वहे ज्वीमाः। उकें भ्मीसं धर्मयात गौरब तयाः धर्म अनुसार आचरण याय् फय्‌मा। शील इमान्दारपूर्वक पालन याय् फय्‌मा। समाधीयात निरन्तरता बीफय्‌मा। भगवान् बुद्धं क्यनाबिज्याःगु थुगु आदर्शमय लपुँयात तोमफिक पालन यानाः याकनँहे निर्वाणया त्वाथले थ्यंकःवने फय्‌मा। थुकथं धर्म पालन यायां धर्म रक्षा याका च्वने फय्‌मा अलेतिनि भगवान् बुद्धं धयाबिज्याःगु बचनयात भ्मीसं सार्थक यायफै– "**धम्मो हवे रक्खतीति धम्मचारी**"। ■

## लुम्बिनी



✍ विद्याकुमारी बज्राचार्य

*शाक्यमुनी बुद्धको जन्मभूमी नेपालको लुम्बिनी*
*समृद्ध शाक्यवंशिय राजा शुद्धोदनको लुम्बिनी*
*धर्मधारी प्रजावत्सल राजा शुद्धोदनको पुत्रको जन्मभूमी लुम्बिनी*
*विश्व प्रशिद्ध शान्ति नायक भगवान बुद्धको जन्मभूमी लुम्बिनी*
*भद्रकल्पका चौथौं बुद्ध जन्मनुभएको पवित्रभूमी लुम्बिनी*
*संसारको मानव समुदायलाई मुक्तिमार्ग देखाउनु*
*हुने गुरुको जन्मभूमी लुम्बिनी*



# भगवान बुद्धया थी थी म्हसीका बिइगु खँग्वःत

– अ. कुसलञाणी
रत्न विपश्यना विहार

१) **न्ह्य खँ :**

लोकय् बुद्धपिं प्रादुर्भाव जुइगु धयागु तसकं हे दुर्लभगु खँ खः । छम्ह छम्ह बुद्ध उत्पन्न जुया बिज्यायेत झिगू पारमिता, झिगू उपपारमिता व झिगू परमत्थपारमिता यानाः स्वीगू पारमी गुणधर्म पूवंका सम्यक्सम्बुद्ध जुया बिज्याइगु खः । अथे हे सद्धाधिक, विरियाधिक व पञ्ञाधिक धका श्रद्धा, वीर्य व प्रज्ञायात प्रधानता बियाः पारमी पूर्ण याना बिज्याइगु समय धाःसा फरक फरक जुयाच्वन । थेरवादी बुद्ध धर्मय् सम्यक्सम्बुद्ध, प्रत्येकबुद्ध व श्रावकबुद्ध धका स्वथी प्रकारया बुद्धपिं दु । वसपोल सम्यकसम्बुद्धं जकः सुं आचार्यपिनि पाखें ज्ञान लाभ याना बिमज्याःसे थःम्हं हे चतुरार्यसत्य ज्ञान लुइकाः लोकजनया हित व सुखया नितिं धर्मदेशना याना बिज्याइगु खः । प्रत्येक बुद्धपिसं थःम्हं ज्ञान लुइका बिज्यासां प्राणीपिन्त बोध याना बिज्याये फइमखु । व श्रावक बुद्धपिंसं सम्यक्सम्बुद्ध अथवा आर्यत्व थ्यंपिं आर्यपिनिगु धर्म देशना न्यना भाविता याना जकः दुःखं मुक्त जुया वनी ।

लोकय् नीच्याःम्ह सम्यकसम्बुद्धपिं प्रार्दुभाव जुया बिज्याये धुंकल । आः भविष्यय् बिज्याइम्हं तथागत भद्र कल्पया अन्तिम मैत्रेय बुद्ध खः । नेपाल देय् दुने स्वम्हः तथागतपिं ककुसन्ध, कोणागमन व गोतम बुद्ध जन्म जुया बिज्यात । वसपोल सकल सम्यकसम्बुद्धपिसं बहुजन हित व सुखया नितिं स्वता शिक्षायात देशना याना बिज्याई । व खः -

**सब्ब पापस्स अकरणं, कुसलस्स उपसम्पदा ।**
**सचित्तपरियोदपनं, एतं बुद्धान सासनं ॥**

फुक्क पाप ज्याः मयायेगु, कुसल पुण्य मुंकेगु ।
थःगु मनयात शुद्ध याये, थ्व हे बुद्धपिनिगु शिक्षा खः ॥

२) **म्हसीकाः**

त्रिपिटकय् भगवान बुद्धया थी थी म्हसीका बिइगु कथं खँग्वः छ्यःला तःगु दु । गुकीयात अध्ययन व मनन याये योग्य जू । भगवान बुद्धयात सेत्तब्यनगरया उक्कट्ठवनय् वेदं पारंगत जुम्ह सेल ब्राह्मणं “छ : पिं सु खः ?” धका न्यन । न्यंगु न्ह्यसःया लिसः बिइगु क्रमय् जि द्य मखु, नाग मखु, किन्नरगन्द्रभ मखु, मनुष्यं नं मखु धका थुगु गाथाद्वारा आज्ञा जुया बिज्यात -

**अभिञ्ञय्यो अभिञ्ञातं, भावितब्बञ्च भावितं ।**
**पहातब्बं पहीणं मे, तस्मा बुद्धोस्मिं ब्राह्मणो ॥**

अर्थ- अभिज्ञात जुइमाःगु जिं सिके धुन, भाविता याये माःगु भाविता याये धुन ।

त्वःते माःगु जिं त्वते धुन, उकिं हे ब्राह्मण ! जितः बुद्ध धाइ ॥

**‘बुद्ध’** धयागु नं माँ, बा, किजा, केहेँ, पासा, थःथिति, श्रमणब्राह्मण, द्योपिसं ब्युगू नां मखु । थुगु नां बुद्धपिसं बोधि सीमा क्वय् विमुक्ति जुया सर्वज्ञज्ञान साक्षात्कार याइगु बखतय् हे अथें नां दया वःगु खः । **महानिद्देसय् “बुद्धोति यो सो भगवा सयम्भू अनाचरियको पुब्बे अननुस्सुतेसु धम्मेसु सामं सच्चानि अभिसम्बुज्झि, तत्थ च सब्बञ्ञुतं पत्तो, बलेसु च वसीभाव”न्ति ।** बुद्ध धका गुम्ह वसपोल भाग्यवान थःम्ह हे सु आचार्य विना न्हापाः न्यने मनंगु धर्मत मध्ये थःम्ह हे सत्ययात बुझे जुल, अनं सर्वज्ञ, बलत व वसीभाव लुल । अथे हे खुद्दकनिकायया अट्ठकथा परमत्थजोतिकाय् बुद्धविभावनाय् बुद्ध खँ ग्वःया अर्थ व व्यञ्जन अर्थ कथं थी थी व्याख्या याना तःगु दु ।

श्रीलंका पोलनरुवाया मोग्गलान थेरपाखें महान पराक्रमबाहुया शासन कालय् (१२औं शताब्दी) **अभिधानप्पदीपिका** पालि साहित्य कोशया रचना जुल । उगु शब्दकोशय् त्रिपिटकय् छ्यःला तःगु सम्यक्सम्बुद्धया स्वीनीगु व शाक्यमुनि गौतम बुद्धया न्हेगू याना स्वीगुंगू पर्यायवाची खँग्वःयात गाथापाखें न्हापाः गु सग्गकण्डय् क्यना तःगु दु । व थथे खः ।

१. **बुद्धो दसबलो सत्था, सब्बञ्ञू द्विपदुत्तमो ।**
**मुनिन्दो भगवा नाथो, चक्खुम’ङ्गीरसो(चक्खुं +**

**अङ्गीरसो) मुनि ॥**

२. **लोकनाथो'नधिवरो** (**लोकनाथो** + **अनधिवरो**),
**महेसि च विनायको ।**
**समन्तचक्खु सुगतो, भूरिपञ्ञो च मारजि ॥**

३. **नरसीहो नरवरो, धम्मराजा महामुनि ।**
**देवदेवो लोकगरु, धम्मस्सामी तथागतो ॥**

४. **सयम्भू सम्मासम्बुद्धो, वरपञ्ञो च नायको ।**
**जिनो, सक्को तु सिद्धत्थो, सुद्धोदनि च गोतमो ॥**

५. **सक्यसीहो तथा सक्यमुनि चादिच्चबन्धु च ।**

**३) भगवान बुद्धया खँग्वया विग्रह अर्थ वर्णन :**

अभिधानप्पदीपिकाटीका अनुसारं बुद्धया पर्यायवाची खँग्वया वर्णन थुगु कथं दु ।

विसिट्ठा बुद्धि अस्सत्थीति **बुद्धो**[1] । वसपोलयाके विशिष्ठ बुद्धि दुगुलिं बुद्ध धाइ । दानसीलक्खन्धादयो ठानाट्ठानञाणादयो वा दस बलानि यस्सेति **दसबलो**[२] । गुम्हसिके दानशीलस्कन्ध आदि स्थानास्थान ज्ञान आदि व भिगू बल दुगुलिं दसबल धाइ । सासति विनयति **सत्तेति सत्था**[३] । सत्वपिन्त अनुशासन वा विनीत याना बिज्याइगुलिं सत्था धाइ । सब्बधम्मजाननसीलताय **सब्बञ्ञू**[४] फुक्कं धर्म सिइका बिज्याइगु स्वभाव दुम्ह जुया सब्बञ्ञू धाइ । द्विपदानं, द्विपदेसु वा उत्तमो **द्विपदुत्तमो**[५] निपातुति दुपिं व तुतिं चूपिं मध्ये उत्तमम्ह जुया बिज्याम्ह जुया द्विपदुत्तमो धाइ । मुनीनं इन्दो राजा **मुनिन्दो**[६] मुनिपिनि इन्द्र वा जुजु जुया बिज्याम्ह जुया मुनिन्दो धाइ । पुञ्ञञाणभाग्यादयो भगं नाम, तंयोगा **भगवा**[७] पुण्य, ज्ञान, भाग्य आदि भाग्य धका धाइ, उगुलिं संयुक्त जूगु जुया बिज्याम्ह जुया भगवा धाइ । नाथति सत्तानं हितं याचति, किलेसे वा उपतापेति, सत्तेसु वा इस्सरियं करोति, तेसं वा हितं आसीसतीति **नाथो**[८] । नाथ धका सत्वपिन्त हित कामना याइगु, क्लेशयात पुका बिइगु, सत्वपिं मध्ये ऐश्वर्य देका बिइगु, इमि उपरे हितया कामना याना बिज्यागुलिं नाथ धाइ । बुद्धधम्मसमन्तञाणादिब्बचक्खुसङ्खातेहि पञ्चहि चक्खूहि समन्नागतत्ता **चक्खुमा**[९] । बुद्ध, धर्म, समन्त, ज्ञान, दिव्य मिखाः धका कयातःगु न्याःगः मिखां सम्पन्नंम्ह जुया बिज्यागुलिं चक्खुमा धाइ । सब्बदा ब्यामप्पभाय कायतो निच्छरणवसेन **अङ्गीरसो**[१०] । न्ह्याबलय् हे म्हपाखें ब्यामप्रभा पिज्वइगुलिं अङ्गीरसो धाइ । सब्बाकारेन सब्बधम्मानं मुननतो मुनि११ । फुक्क प्रकारं फुक्क धर्मयात मनन याइम्ह जुया बिज्यागुलिं मुनि धाइ ।

लोकानं, लोकेसु वा नाथो **लोकनाथो**[१२] । लोकया निर्तिं, लोके नाथ जुया बिज्यागुलिं लोकनाथो धाइ । अत्तनो अधिकस्स कस्सचिपि उत्तमपुग्गलस्स अभावतो **अनधिवरो**[१३] । थः स्वया च्वये लाःम्हं सु छम्ह हे उत्तम पुद्गलया अभाव जुया बिज्यागुलिं अनधिवरो धाइ । महन्तानं सीलक्खन्धादीनं एसनतो गवेसनतो **महेसि**[१४] । महान शील स्कन्धआदियात माःला बिज्यागुलिं महेसि धाइ । हितं विनयति अनुसासतीति **विनायको**[१५] । हित उपकारय् विनीत अनुशासन याना बिज्यागुलिं विनायको धाइ । सब्बधम्मदस्सनसीलताय "समन्तचक्खू"ति लद्धनामेन सब्बञ्ञुतञ्ञाणेन समन्नागतत्ता **समन्तचक्खु**[१६] । फुक्कं धर्मयात स्वयेगु स्वाभावयात "समन्तचक्खू"धका प्राप्त जुगु नां नं सर्वज्ञताज्ञानं सम्पन्न जुया बिज्यागुलिं समन्तचक्खु धाइ । सोभनं गतं ञाणमस्स, संसारा वा सुट्ठु अपुनरावत्तिया गतवाति **सुगतो**[१७] । वसपोल बाँलाक ज्ञानं बिज्यागुलिं, संसारपाखें बाँलाक हानं लिहाँ वय् म्वाःयक बिज्यागुलिं सुगतो धाइ । भूरि बहुका पञ्ञा यस्स, अनन्ताय वा भूरिसमा पञ्ञा एतस्साति **भूरिपञ्ञो**[१८], गुम्हेसिके यक्व प्रज्ञा दु, अनन्त महापृथ्वी समान प्रज्ञा वसपोल याके दुगुलिं भूरिपञ्ञो धाइ । किलेसादिपञ्चविधं मारं जितवाति **मारजि**[१९] । क्लेशआदि न्याःगू प्रकारया मारयात त्याःका बिज्यागुलिं मारजि धाइ ।

नरानं सीहो सेट्ठो, परप्पवादमद्दनसहनतो वा नरो च सो सीहो चाति **नरसीहो**[२०] । मनुत मध्ये सिंह श्रेष्ठ, मेपिनिगु वादयात मद्दन सहयायेगु पाखें वा मनु नं सिंह नं जुया बिज्यागुलिं नरसीहो धाइ । नरानं वा देवमनुस्सानं सेट्ठत्ता **नरवरो**[२१] । मनुत मध्ये वा देवमनुष्य मध्ये श्रेष्ठ म्हं जुया बिज्यागुलिं नरवरो धाइ । धम्मेन राजतीति वा **धम्मराजा**[२२] । धर्मं राज्य याना बिज्यागुलिं धम्मराजा धाइ । मुनीनं सेट्ठत्ता **महामुनि**[२३] । मुनिपिं मध्ये श्रेष्ठता थ्यंका बिज्यागुलिं महामुनि धाइ । देवानं अधिको वा देवो **देवदेवो**[२४] । द्योपिनिं द्यो जुया बिज्यागुलिं देवदेवो धाइ । लोकानं गरु आचरियो **लोकगरु**[२५] । लोकया गुरु आचार्य जुया बिज्यागुलिं लोकगरु धाइ । धम्मस्स सामि यथावुत्तनयेन **धम्मस्सामी**[२६] । धर्मया स्वामी वा मालिक गथे धया तल उगु कथं जुया बिज्यागुलिं धम्मस्सामी धाइ । यथा पुरिमका सम्मासम्बुद्धा सब्बञ्ञुभावं गता, तथा अयम्पि गतोति **तथागतो**[२७] । गथे न्हापायापिं

सम्यक्सम्बुद्धपिं सर्वज्ञता भावं बिज्यागु खः, अथे हे वसपोल सम्यक्सम्बुद्ध जुया बिज्यागुलिं तथागतो धाइ।

सयमेव सम्मासम्बुद्धा भवति, अनञ्ञबोधितोति **सयम्भू**[२८]। थःम्हं हे सम्यक्सम्बुद्ध जुया बिज्यात, मेपिनिगु बोधिज्ञानपाखें मखु जुया सयम्भू धाइ। सम्मा अविपरीतेन स'मत्तनायेव सब्बधम्मे बुज्झति अबुज्झि बुज्झिस्सतीति **सम्मासम्बुद्धो**[२९]। सम्यक् वा अविपरीतं बाँलाक थःम्हं हे फुक्कं धर्मयात थुइका बिज्याना च्वन, थुइका बिज्यात, थुइका बिज्याइगुलिं सम्मासम्बुद्धो धाइ। सेट्ठपञ्ञाय समन्नागतत्ता **वरपञ्ञो**[३०]। श्रेष्ठ प्रज्ञां सम्पन्न जुया बिज्यागुलिं वरपञ्ञो धाइ। सत्ते संसारण्णवतो निब्बानपारं नेतीति **नायको**[३१]। सत्वपिन्त संसाररुपी समुद्रपाखें निर्वाण सिथे(पारी) यंका बिज्यागुलिं नायको धाइ। जितपञ्चमारत्ता **जिनो**[३२]। न्याःम्ह मारयात त्याकाः बिज्यागुलिं जिनो धाइ। पञ्चमारे जेतुं सक्कोतीति **सक्को**[३३]। पञ्चमारयात त्याके फुम्हं जुयाः बिज्यागुलिं सक्को धाइ। रतनानि च उप्पन्नानीति सिद्धत्थोति नामं कतं, सब्बेसं वा लोकानं सिद्धा अत्था एतेन हेतुभूतेनाति **सिद्धत्थो**[३४]। रतनत उत्पन्न जुगु जुया सिद्धार्थ धका नाम जुल, फुक्कं वा लोकया अर्थ सिद्ध यायेगु हेतु दुगु जुयाः सिद्धत्थो धाइ। सुद्धं ओदनं अस्साति सुद्धोदनो, तस्स अपच्चं **सुद्धोदनि**[३५]। शुद्धगु जाः नकिम्हं जुया सुद्धोदन धाल, वसपोलया सन्तान वा काय् जुयाः बिज्यागुलिं सुद्धोदनि धाइ। भगवा पन गोतमवंसे उप्पन्नत्ता गोतमस्स मुनिनो अपच्चं **गोतमो**[३६]। भगवान गोतमवंशय् उत्पन्न जुयाः बिज्यागुलिं गोतम ऋषिया काय् वा सन्तान जुयाः बिज्यागुलिं गोतमो धाइ।

सक्यानं वा सेट्ठत्ता **सक्यसीहो**[३७]। शाक्यपिं मध्ये श्रेष्ठ जुयाः बिज्यागुलिं सक्यसीहो। सक्यकुलतो जातो मुनि **सक्यमुनि**[३८]। शाक्यकुल पाखें जन्म जुयाः बिज्याम्हं मुनि (ऋषि) जुयाः सक्यमुनि धाइ। सूरियदेवपुत्तस्स सोतापन्नत्ता भगवा **आदिच्चबन्धू**[३९]ति वुच्चति। आदिच्चस्स बन्धु ञातीति निब्बचनं कत्वा। भगवानंसूर्य देवपुत्रयात श्रोतापन्नय् थ्यंकाब्यगू जुयाः आदिच्चबन्धु धाइ। सूर्यया थःथिति ज्ञातिबन्धु धका धया तलः।

४. निश्कर्षः

भगवान बुद्धया थी थी म्हसीका बिइगु खँग्वः नापं अर्थयात सिका श्रद्धापूर्वक पूजा, पाठ व भाविता याये बहः जु। व बुद्धया गुण विशेषतायात भाविता यायेगु धयागु बुद्धानुस्सति समथ भावनाय् दुथ्या। गुणं सम्पन्न व्यक्तिपिनिगु गुणयात लुमंका यंकल धाःसा झीके प्रीति सौमनस्य भाव दया वइ। उगु सत्यवचनया कारणं झीत सुख, शान्ति नापं कुशल पुण्य पारमी नं वृद्धि जुइ। अथे हे त्रिपिटक अध्ययनयागु झ्वलय् द्वनिगु व शंका निवारण जुइ। व पालि पद्य गाथा चिनिं तः नं ग्वाहालि जुइ। उकी झीसँ बुद्धया म्हसीका बिइगु खँग्वः सिकाः व मननयाना तये माः गु खनी दु।

भवतु सब्ब मङ्गलं। चिरं तिट्ठतु बुद्धसासनं। ■

*सन्दर्भ ग्रन्थ–*


१) धर्मगुप्त, भिक्षु महास्थविर, अभिधानप्पदीपिका अभिधानप्पदीपिकाटीका, कुमारीपाटीः भिक्षु धर्मगुप्त महास्थविर, वि.सं. २०७९

२) खुद्दकपाठ अट्ठकथा, विपश्यना विशोधन विन्यास, इगतपुरी।

३) त्रिपिटक पाली रीडर एप्स। ४) पालि शब्दकोश एप्स। ५) युट्युब भिडियो


## अंगुत्तर निकाय

*२०७९ आषाढ १८ गते, शनिवार*

*प्रवचक- मदनरत्न मानन्धर। प्रस्तुति- उष्णीषतारा तुलाधर*

यस दिन प्रवचक मदनरत्न मानन्धरज्यूले अंगुत्तर निकाय अन्तर्गत तिक निपात, दोश्रो पण्णासक, महावर्गको तित्थायतन सुत्तं (तीर्थायतन सूत्र) को कक्षा लिनुभयो। आज उहाँको कक्षा १४२ औं भाग पुगिसकेको छ। उहाँले लिनुभएको कक्षाको केही प्रमुख कुराहरु यहाँ प्रस्तुत गरिएको छ :

दुःख समुदय सत्य भनेको कस्तो हो ? अविद्याको कारणले संस्कार, संस्कारको कारणले विज्ञान (चित्त), विज्ञानको कारणले नामरुप (शरीर), नामरुपको कारणले सलायतन (आँखा, कान, नाक, जिब्रो, शरीर र मन), सलायतनको कारण फस्स (स्पर्श), स्पर्शको कारण वेदना, वेदनाको कारण तृष्णा, तृष्णाको कारण उपादान, उपादानको कारण भव। भव भएपछि जाति (जन्म) हुन्छ। जातिको कारणले बुढाबुढी, मरण, शोक, सन्ताप, शारीरिक दुःख, मानसिक दुःख उत्पन्न हुन्छ। यी नै दुःख समुदय आर्यसत्य हो। ■

# संयुक्त निकाय - श्रद्धा सुत्त

*२०७९ जेठ १४ शनिबार*
*स्थान- धर्मकीर्ति विहार*
*प्रस्तुती- सुमी शाक्य*

यसदिन धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीमा संचालित शनिवारिय कक्षामा श्रद्धेय पियरत्न स्थविर भन्तेले संयुक्त निकाय अन्तरगत ३६ औं सुत्र "श्रद्धा सुत्त" विषयमा यसरी व्याख्या गुर्नभयो –

भगवान् बुद्ध जेतवन विहारमा आराम गरिरहनु भएको अवस्थामा सतुल्लपकायिक देवताहरू सुन्दर रुप धारण गरी भगवान् बुद्ध रहनु भएको स्थानमा उपस्थित भई उहाँलाई अभिवादन गरी एक छेऊमा उभिए। ती मध्ये एकजना देवताले भगवान् बुद्ध समक्ष निम्न गाथा उच्चारण गऱ्यो –

**सद्धा दुतिया पुरिसस्स होती, नो चे अस्सद्धियं अवतिट्ठति यसो च कित्ती च तत्वस्स होति, सग्गं च सो गच्छति, सरीरं विहाया'ति ॥**

अर्थ- श्रद्धा नै मानिसको दोश्रो भरोसा हो। श्रद्धाले उसलाई यश कीर्ति लाभ हुन्छ र स्वर्ग प्राप्त हुन्छ।

त्यस्तै अर्को एक जना देवताले भगवान् बुद्ध-समक्ष एक गाथा प्रस्तुत गरेको थियो।

**कोधं जहे विप्पजेहय्य मानं संयोजन सब्ब मतिक्क मेय्य। तं नामरुपस्मिं सज्जमानं अकिञ्चनं नानपतन्ति सङ्गाति।**

अर्थात्– क्रोध हटाऊ मान हटाऊ, सबै संयोजन हटाऊ। नामरुपमा आशक्त नभई अकिञ्चन हुनाले बन्धनमा पर्दैन।

देवताहरूको गाथा सुनिसकेपछि भगवान बुद्धले निम्न गाथा भन्नुभयो –

**पमादमनुयुज्जन्ति बाला दुम्मे धिनो जना**
**अप्पमादं च मेधावी धनं सेट्ठं व रक्खति**
**मा पमादमनुयुञ्जेथ मा कामरति सन्थव**
**अप्पमत्तोहि झायन्तो पप्पोति परमं सुख'ति।**

अर्थात्– "दुर्बुद्धि मूर्खजनहरू प्रमादमा लाग्छन् तर सेठले धन रक्षा गरे जस्तै मेधावीहरूले अप्रमादलाई रक्षा गर्छन्। प्रमादमा नभुल्नु, कामरति संसर्गमा नभुल्नु, अप्रमादी भई ध्यान गर्नाले परम सुख प्राप्त हुन्छ।"

धर्मदेशनाको सिलसिलामा श्रद्धेय भन्ते पियरत्नले श्रद्धा र दश संयोजन बारे विश्लेषण गर्दै भन्नुभयो –

श्रद्धाको लक्षण २ प्रकारका छन् –
१. मन प्रशन्न हुनु (२) ठूलो आकांक्षा हुनु।

श्रद्धा २ प्रकारका छन् –
१. अमुलिक श्रद्धा - नबुझी, नजानी उत्पन्न हुने श्रद्धा
२. आकारबती श्रद्धा - भित्री मनले राम्ररी बुझी जानी बुद्ध धर्मप्रति उत्पन्न हुने श्रद्धा।

दश संयोजन –
१. सक्कायदिट्ठि - म र मेरो भनी आशक्त हुने स्वभाव
२. विचिकिच्छा - अनावश्यक शंका
३. सीलब्बत परामास - अन्धविश्वास
४. कामराग - सुख, भोगको आशा
५. पटिघ - बदला लिने कुभावना
६. रुपराग - भौतिक बस्तुप्रतिको लालच
७. अरुपराज - अदृष्य चीजमा आशक्त
८. मान - अहंकार र अभिमान
९. उद्धच्च - मनको चञ्चलता
१०. अविज्जा - अज्ञानता

यी दश संयोजनहरूबाट बच्न हामीले शील, समाधि र प्रज्ञा सहित धर्माचरण गर्नुपर्छ। यसरी धर्माचरण गर्नाले बस्तुकाम र क्लेशकाम बिस्तारै हटेर जान्छ। यी दुईप्रकारका कामहरू हटाउन अपनाउन सकिने तरीकाहरू यसरी छन् –

१. कामवस्तु सम्बन्धि अशुम स्वभाव थाहापाउने।
२. निरन्तर अशुभ भावना अभ्यास गर्ने।
३. इन्द्रियलाई दमन गर्ने।
४. भोजनको मात्रा थाहा पाउने।
५. कल्याण मित्र संगत गर्ने।
६. अर्थपूर्ण कुरा मात्र गर्ने।

यसरी बुद्ध, धर्म र संघप्रति श्रद्धा उत्पन्न गरी शील, समाधि र प्रज्ञाद्वारा धर्माचरण गर्न सकेमा दश संयोजनबाट अलग्ग भई मार्गफल प्राप्त गर्न सहयोग मिल्ने विषयमा चर्चा गर्नुहुँदै श्रद्धेय पियरत्न भन्तेले कक्षा समापन गर्नुभयो। ■



# धर्मकीर्ति विहारमा दुईपटक दिनभर महापरित्राण पाठ सम्पन्न

***(१)*** *२०७९ जेठ २८ गते*

*स्थान- धर्मकीर्ति विहार, धम्महल ।*

यसदिन धर्मकीर्ति विहारमा प्रव्रजित गुरुमांहरूको तर्फबाट दिनभर महापरित्राण पाठ कार्यक्रम सम्पन्न गरियो । धम्मवती गुरुमां प्रमुख धर्मकीर्ति विहारका अन्य आवासिय गुरुमांहरूबाट सामूहिक महापरित्राण पाठ गरी शुरु गरिएको उक्त कार्यक्रममा वीर्यवती गुरुमांले धर्मदेशना गर्नुभएको थियो ।

उपासिका लक्ष्मी महर्जन, रश्मीला महर्जन सपरिवारको आयोजनामा सञ्चालित यस महापरित्राण पाठ कार्यक्रममा आयोजक परिवारले गुरुमांहरू लगायत उपासकोपासिकाहरूलाई जलपान एवं भोजनको प्रायोजन गरिएको थियो भने गुरुमांहरूलाई दान प्रदान गरी पुण्य सञ्चय गरिएको थियो ।

दिनभर सञ्चालित उक्त कार्यक्रममा महापरित्राण पाठ गर्नुहुने गुरुमांहरूले नाम एवं पाठ गरिएका सूत्रहरूको विवरण –

| क्र. सं. | महापरित्राण पाठ | पाठ गर्नुहुने गुरुमांहरू |
|---|---|---|
| १ | सामूहिक पाठ | सबै गुरुमांहरू |
| २ | सरणागमन- धजग्ग सुत्त | पञ्ञावती, वण्णवती |
| ३ | महाकस्सपत्थेर बोज्झङ्ग सुत्त - इसिगिली सुत्त | त्यागवती, इन्दावती |
| ४ | धम्मच्चक्कप्पवत्तन सुत्त | वीर्यवती, शुभवती |
| ५ | महासमय सुत्त - वसल सुत्त | दानवती, अमता |
| ६ | सच्चविभंग सुत्त | खेमावती, श्रद्धावती |
| ७ | आटानाटिय सुत्त (क) | मेत्तावती, सुवण्णवती |
| ८ | आटानाटिक सुत्त (ख) | करुणावती, ध्यानवती, वण्णवती र सुवण्णवती |
| ९ | सामूहिक पाठ | सबै गुरुमांहरू |



*सामूहिक पाठ गर्नुहुँदै गुरुमांहरू*



*सरणागमन-धजग्ग सुत्त पाठ गर्नुहुँदै गुरुमांहरू – पञ्ञावती, वण्णवती*



*महाकस्सपत्थेर बोज्झंग सुत्त इसिगिलि सुत्त पाठ गर्नुहुँदै गुरुमांहरू – त्यागवती र ईन्दावती*



*धम्मचक्कप्पवत्तन सुत्त पाठ गर्नुहुँदै गुरुमांहरू– वीर्यवती र शुभवती*



*महासमय सुत्त पाठ गर्नुहुँदै गुरुमांहरू – दानवती र अमता*



*आटानाटिय सुत्त (क) पाठ गर्नुहुँदै गुरुमांहरू – मेत्तावती र सुवण्णवती*



*सच्चविभङ्ग सुत्त पाठ गर्नुहुँदै गुरुमांहरू– खेमावती र श्रद्धावती*



*आटानाटिय सुत्त (ख) पाठ गर्नुहुँदै गुरुमांहरू – करुणावती, वण्णवती, ध्यानवती र सुवण्णवती*

परित्राण पाठ पश्चात् आयोजक परिवारबाट पुण्यानुमोदन गरी कार्यक्रम समापन गरियो ।

***(२)*** *२०७९ असार ११ गते, शनिबार*
*स्थान- धर्मकीर्ति विहार, धम्महल ।*

यसदिन उपासिका मोहन शोभा तुलाधर र उहाँका पुत्र रवि रत्न तुलाधर सपरिवारको आयोजनामा सम्पूर्ण परिवारको सुस्वास्थ्य कामना गरी दिनभर प्रव्रजित गुरुमांहरूको तर्फबाट महापरित्राण पाठ गरिएको थियो ।

धम्मवती गुरुमां प्रमुख अन्य गुरुमांहरूको समूहबाट सामूहिक पाठ गर्नुभएपछि युगल पाठ शुरु गरिएको थियो । दिनभर सञ्चालित उक्त कार्यक्रममा महापरित्राण पाठ गर्नु हुने गुरुमांहरूको नाम एवं पाठ गरिएका सूत्रहरूको विवरण –

| क्र. सं. | पाठ | पाठ गर्नुहुने गुरुमांहरू |
|---|---|---|
| १ | सामूहिक पाठ | सबै गुरुमां समूह |
| २ | सरणागमण - मेत्त सुत्त | जवनवती, कुसुमवती |
| ३ | खन्ध सुत्त - धजग्ग सुत्त | नन्दावती, श्रद्धावती |
| ४ | महाकस्सपत्थेर बोज्झङ्ग सुत्त - महा चुन्दत्थेर सुत्त | त्यागवती, इन्दावती |
| ५ | गिरिमानन्द सुत्त - इसिगिलि सुत्त | पञ्ञावती, नन्दावती |
| ६ | धम्मचक्कप्पवत्तन सुत्त | श्रद्धावती, कुसुमवती |
| ७ | महासमय सुत्त | दानवती, कुशलवती |
| ८ | आलवक सुत्त - कसीभारद्वाज सुत्त | जवनवती, नन्दावती |

| | | |
|---|---|---|
| ९ | पराभव सुत्त - वसल सुत्त | वीर्यवती, शुभवती |
| १० | सच्चविभंग सुत्त | केशावती, खेमावती |
| ११ | आटानाटिय सुत्त (क) | दानवती, मेत्तावती |
| १२ | आटानाटिय सुत्त (ख) | त्यागवती, मेत्तावती |
| १३ | सामूहिक पाठ | सबै गुरुमां समूह |

महापरित्राण पाठ समापन पश्चात् पुण्यानुमोदन गरी पुण्य दान गरिएको थियो । यसदिन आयोजक परिवारबाट गुरुमांहरू लगायत आमन्त्रित सबै उपासकोपासिकाहरूलाई भोजन जलपान प्रायोजन गरिएको थियो भने गुरुमांहरूलाई यथाश्रद्धा-दान गरी पुण्य सञ्चय गरिएको थियो । ■



*महापरित्राण पाठ कार्यक्रम आयोजक दाताहरू र प्रव्रजित गुरुमांहरू*

# सूचना ! सूचना !! सूचना !!!

**भिक्षुणी धम्मवती गुरुमांको ८९ औं जन्मोत्सबको शुभ उपलक्ष्यमा उहाँको सुस्वास्थ्य एवं दीर्घायु कामना गरी यही २०७९ असार २४ गते, शुक्रबार देखि ३० गते, बिहीबार सम्म श्रद्धेय भिक्षु महासंघबाट अभिधर्म पाठ र धर्मदेशना हुँदैछ ।**

**साथै असार ३१ गते शुक्रबार महायानी लामा गुरुहरू र बज्रयानी गुरुजुहरूबाट पाठ र धर्मदेशना हुने सूचना सहर्ष जानकारी गराउँदै श्रद्धालु एवं इच्छुक श्रोतावर्ग महानुभावलाई यस साप्ताहिक पाठ र धर्मदेशना कार्यक्रममा सहभागी भई पुण्य सञ्चय गरिदिनहुन यही सूचनाको माध्यमबाट निमन्त्रणा गरेका छौं ।**

**स्थान : धर्मकीर्ति विहार, धम्महल । समय : विहान ७ देखि ९ बजे सम्म ।**

## धर्मकीर्ति विहार परिवार

**श्रीघः नःघः, काठमाडौं**

*२०७९ असार ४ गते*

## विषय : अभिधम्म (भाग-२२)

*प्रवचकः श्रद्धेय पञ्ञासार भन्ते*

*प्रस्तुतीः मिनरवती तुलाधर*

यस दिन श्रद्धेय पञ्ञासार भन्तेले रूपावचर चित्तको विषयमा प्रवचन दिनु भएको थियो ।

रूपावचर ध्यान–१५ वटा हुन्छ ।

कुसल चित्त–५, विपाक चित्त–५, क्रिया चित्त–५

**ध्यान अङ्ग – ५**

(१) प्रथम ध्यान– वितर्क, विचार, प्रीति, सुख, एकाग्गता–५

(२) दुतिय ध्यान– विचार, प्रीति, सुख, एकाग्गता–४

(३) तृतिय ध्यान– प्रीति, सुख, एकाग्गता–३

(४) चतुर्थ ध्यान– सुख, एकाग्गता–२

(५) पञ्चम ध्यान– उपेखा, एकाग्गता–१

आनापाना स्मृति ध्यान गर्दा (आश्वास) श्वास भित्र लिने र प्रश्वास बाहिर छोड्नेलाई केन्द्र विन्दु बनाउने । ध्यानलाई एकाग्ग गर्न सबभन्दा पहिले ४० कर्मस्थान ध्यान मध्ये एउटा गर्नुपर्छ ।

- ४० कर्मस्थानहरू :

| | | |
|---|---|---|
| कसिण | – | १० |
| अशुभ | – | १० |
| अनुस्मृति | – | १० |
| चर्तुब्रह्म विहार | – | ४ |
| आहार प्रतिकूल | – | १ |
| धातु व्यवस्था | – | १ |
| आरूप्य (अरुप) | – | ४ |
| **जम्मा** | = | **४०** |

आश्वास–८ प्रकारले हेर्ने । प्रश्वास–८

(१) लामो श्वास भित्र तान्दा लामो श्वास तान्दै छु भनी जान्नुपर्छ ।

(२) लामो श्वास बाहिर छोड्दा, लामो श्वास बाहिर छोड्दै छु भनि जानुपर्छ ।

(३) छोटो श्वास भित्र तान्दा, छोटो श्वास तान्दै छु, भनेर जान्नुपर्छ ।

(४) छोटो श्वास बाहिर छोड्दा, छोटो श्वास छोड्दै छु, भनेर जानुपर्छ ।

(५) सम्पूर्ण शरीरप्रति होश राखी श्वास भित्र तान्दछु भनेर सिक्नुपर्छ ।

(६) सम्पूर्ण शरीरप्रति होश राखी श्वास बाहिर छोड्छु भनेर सिक्नुपर्छ ।

(७) काय संस्कार (शरीरको काम) लाई शान्त गरी श्वास भित्र तान्दछु भनेर सिक्नुपर्छ ।

(८) काय संस्कारलाई शान्त गरी श्वास छोड्छु भनेर सिक्नुपर्छ । ■


***पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु***
***पुण्य (कुशल कर्म) गर्दै जानु ।***
***आफ्नो चित्त (मन) लाई शुद्ध गर्नु ॥***
***यही नै बुद्धको उपदेश हो ।***

VISHWA MOTOR TRADERS


**बिश्व मोटर ट्रेडर्स**

**ख–२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।**
**फोन नं.: ०१–४२३८१४७, ९८५१०५११३१, ९८५१०५११४७**
**e-mail: vishwamotor@gmail.com**

**टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि गाडिका पार्टस्‌हरूको साथै व्याट्रि र इन्भर्टरको लागि सम्पर्क गर्नुहोस् ।**

# चैत्य उद्घाटन

*२०७९ असार २ बिहिबार*
*स्थान- अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र, शंखमूल, बुद्धनगर, काठमाडौं ।*



यसदिन अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्र स्थित नयाँ धम्महल भवनको कौशीमा स्थापित चैत्य उद्घाटन कार्यक्रम सम्पन्न गरिएको छ ।

दाता धर्म नरसिं शाक्य एवं चन्द्रदेवी शाक्य सपरिवार नकबहिल पाटनको आयोजनामा संचालित उक्त कार्यक्रममा चैत्य उद्घाटन गर्नु पूर्व भिक्षु महासंघबाट चैत्य प्रतिष्ठापन सूत्र पाठ गर्नुभएपछि चैत्य उद्घाटन गरिएको थियो । चैत्य उद्घाटन सिलसिलामा चार दिशामा स्थापना गरिएका बुद्ध प्रतिमाहरू ४ जना नै भन्तेहरू संघनायक भिक्षु बोधिसेन महास्थविर, संघउपनायक भिक्षु गुणघोष महास्थविर, सयादो उ ञाणज्योत र सयादो उ सुजनपिय बाट उद्घाटन गर्नुभएका थिए । चैत्य उद्घाटन पश्चात् बुद्ध पूजा गरिएको थियो ।

दाता धर्मनरसिं शाक्य र चन्द्रदेवी शाक्य परिवारबाट १५ आना २ पैसा जग्गा अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रलाई दान दिइएको उक्त जग्गामा काठमाडौं महानगरपालिका, जग्गा दाता परिवार र अन्य श्रद्धालु उपासकोपासिकाहरूको आर्थिक सहयोगबाट नयाँ भवन निर्माण सम्पन्न भएको थियो । उक्त नयाँ भवन काठमाडौं महानगर पालिकाका तत्कालिन मेयर विद्या सुन्दर शाक्यको प्रमुख अतिथित्वमा सञ्चालित एक कार्यक्रममा उद्घाटन गरिएको कुरा थाहा हुन आएको छ ।

चैत्य उद्घाटन पश्चात् धम्महलमा उपासिका ललिता धाख्वा:बाट सञ्चालित उक्त कार्यक्रममा संघ नायक भिक्षु बोधिसेन महास्थविरले पञ्चशील



*चैत्य प्रतिष्ठापन सूत्र पाठ गर्नुहुँदै भिक्षु संघ*

प्रार्थना गराउनु भएपछि कम्मथानाचार्य सयादो उ ञाणज्योतबाट वर्मी भाषाबाट चैत्यको महत्त्व र चैत्य निर्माणको ऐतिहासिक घटनाहरू उल्लेख गर्नुहुँदै धर्मदेशना गर्नुभएको थियो । उक्त धर्मदेशना ञाणवुध भन्तेले नेपालभाषामा रुपान्तर गर्नुभएको थियो ।

धर्मदेशनाको शिलशिलामा सयादो उ ञाणज्योतले भन्नुभयो –

"पदुमुत्तर बुद्धको समयकाल देखिनै परम्परागत रुपले चल्दै आइरहेको चैत्य पूजाको महत्त्व अमूल्य छ । मानव समुदाय मात्र होइन देवीदेवताहरूले पनि पूजा गर्न योग्य भएको कारणले पनि चैत्य भनियो । पदुमुत्तर तथागत परिनिर्वाण पश्चात् उहाँको शरीरको धातु अवशेषलाई हँसावती राज्यवासीले उक्त धातु राखी चैत्य स्थापना गरी पूजा गरिएको देखिन्छ । लोभ, द्वेष, मोह, अभिमान, मिथ्यादृष्टि, तृष्णा जस्ता चित्तमल निर्मुल पारी पवित्र हुनुभएका उहाँ बुद्धहरू सांसारिक प्रपञ्च, शोक परिदेव आदि निर्मुल पारिसक्नु भएका व्यक्तिहरूको शारीरीक धातु पूजा गर्न योग्य भएको कारणले नै उक्त धातुलाई चैत्यको गर्भमा राखी पूजा गरिएको हो ।

धर्मदेशना पश्चात् भिक्षुसंघबाट परित्राण पाठ गरिए पश्चात् दाता परिवार लगायत अन्य दाताहरूबाट पनि भिक्षु संघलाई अष्टपरिष्कार दान एवं अन्य दानप्रदान गरिएको उक्त कार्यक्रम पुण्यानुमोदन गरि समाप्त गरियो । सो पश्चात् श्रद्धेय भिक्षु संघ, प्रव्रजित गुरुमां संघ लगायत कार्यक्रममा सहभागी उपासकोपासिकाहरूलाई भोजन दान गरी पुण्य सञ्चय गरिएको थियो । ■

## *चार आर्यसत्यको बाँकी अंश ...*

**अवस्थासम्म यस संसारमा जन्म लिन आइरहनुपर्ने नै हुन्छ । त्यसैले यसलाई जन्म लिन लगाउने हेतु तृष्णा भनिन्छ ।**

**विभव तण्हा (विभव तृष्णा) – यस जन्म बाहेक अर्को जन्म छैन भन्ने मिथ्या धारण राखी भ्रममा परिरहेका व्यक्तिहरूले यही जन्ममा सकेसम्म मोजमस्ति गरौं, यस्तो मौका गुमाउन नपरोस् भन्दै भौतिक सुखमा भुली मनपरि चलेर हिंडिरहने उच्छेद दृष्टि भएका मानिसहरू पनि छन् यस संसारमा । यसप्रकारका व्यक्तिहरूले आफ्नो राम्रो कार्यको राम्रो फल आफैले पाउने र नराम्रो कार्यको नराम्रो फल पनि आफैले पाउने प्राकृतिक नियमलाई विश्वास गर्दैनन् । फलस्वरुप यिनीहरूले अरूलाई अन्याय अत्याचार गरेरै भए पनि भौतिक धनसम्पत्ति, छलकपट गरेर, चोरेर, ढाँटेर, खोसेर आफ्नो वसमा पार्न पछि पर्दैनन् ।**

**माथि उल्लेखित तीन प्रकारका स्वभावले मानिसहरूलाई संसारमा बारम्बार जन्म लिनुपर्ने तृष्णा उत्पन्न गराईराख्ने हुन्छ ।**

**(३) दुःख निरोध आर्य सत्य –**

**माथि उल्लेखित ८ प्रकारका दुःखबाट हामी अलग्ग रहन सक्छौं । यो पनि आर्य सत्य नै हो । यसको लागि माथि उल्लेखित काम तण्हा, भव तण्हा र विभव तण्हा आदि ३ प्रकारका मिथ्या धारणालाई निर्मूल पार्नुपर्ने हुन्छ । अर्थात् तृष्णा नाश भएपछि स्वतह हामी जन्म मरणबाट मुक्तिको अवस्था निर्वाण प्राप्त गर्न सक्ने हुन्छौं । निर्वाण २ प्रकारका छन् –**

**सउपादिशेष निर्वाण – बाँचिरहेकै अवस्थामा अथवा चित्त (वेदना, सञ्ञा, संस्कार र विञ्ञाण । र रूप (शरीर) रहेकै अवस्थामा क्लेश नाश गरी अरहन्त (मुक्त) हुने अवस्था ।**

**अनुपादिशेष निर्वाण – क्लेश निरोध भइसकेको व्यक्तिले देह (शरीर) पनि त्याग गरी फेरि अर्को जन्म लिन नपर्ने अवस्था ।**

**(४) दुःख निरोध गामिनी प्रतिपदा आर्यसत्य –**


**सांसारिक दुःखबाट मुक्त हनुका लागि भगवान् बुद्धले देखाउनु भएको मध्यम मार्गलाई नै दुःख निरोध गामिनी प्रतिपदा आर्यसत्य भनिन्छ । यसलाई आर्य अष्टाङ्गिक मार्ग पनि भनिन्छ । किनभने यसमा आठवटा आर्य मार्गहरू प्रष्टाइएका छन् । निर्वाण अर्थात् दुःखबाट मुक्ति प्राप्तिका लागि आठवटा सत्य मार्गहरू भएकोले नै यसलाई आर्य अष्टाङ्गिक मार्ग भनियो । यी ८ वटा मार्गहरूलाई अध्ययन र मनन गरी आ-आफ्नो दैनिक जीवनको व्यवहारमा प्रयोग गर्दै तृष्णारूपी क्लेश नाश गरी भाग्यमानी बन्नसक्नु नै हाम्रो प्रमुख कर्त्तव्य हुनेछ । यी आठवटा मार्गहरूलाई अर्को अङ्कमा प्रस्तुत गरिनेछ ।**

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**

प्रातः स्मरणिय एवं अनन्त गुणले सम्पन्न हाम्रा

## पिता चैतन्य भक्त स्थापित

९० वर्षको उमेरमा दिवंगत हुनुभयो । उहाँका
कर्मशील बानी व्यवहार एवं आध्यात्मिक शान्तिका लागि उहाँले
गर्नुहुने पुण्य कार्यहरूको स्मरण गर्छौं ।
यी पुण्य शक्तिले उहाँको नयाँ गति सुगतिमय बन्दै
यथासिघ्र निर्वाणको हेतु प्राप्त होस् भन्ने
कामना गरी पुण्यानुमोदन गर्छौं ।
साथै हामीलाई अकस्मात् आइपरेको यस दुःखद् घडीमा
धैर्य धारणको लागि समवेदना एवं सहानुभूति प्रकट गरी साथ दिनुहुने
सबै इष्टमित्र, साथीभाई र शुभचिन्तक महानुभावहरू
सबैलाई साधुवाद व्यक्त गर्छौं ।



**दि. चैतन्य भक्त स्थापित**

*जन्म :*
*बि.सं. १९८९ भाद्र ७ गते*
*दिवंगत :*
*बि.सं. २०७९ जेठ २४ चौथी*

*छोराहरू:*
**सागर प्रकाश स्थापित**
**महेश स्थापित**

*छोरीहरू:*
**गंगा शिल्पकार, जमुना ताम्राकार**
**सरस्वती ताम्राकार, ममता राई**

---

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं वूपसमो सुखो**



**दि. चन्द्र देवी शाक्य**
पकनाजोल

*जन्म :*
*बि.सं. १९९१ फागुन २० गते*
*दिवंगत :*
*बि.सं. २०७९ असार ५ चौथी*

धर्मकीर्ति पत्रिकाका विशेष सदस्य (क्र.सं. नं १६९)


## उपासिका चन्द्र देवी शाक्य

८८ वर्षको उमेरमा दिवंगत हुनुभयो ।
यस दुखद् घडीमा उहाँका परिवारले संसारको त्रिलक्षण
स्वभाव (अनित्य, दुःख र अनात्म) लाई बुझी
धैर्य धारण गर्न सकुन् । साथै
दिवंगत उपासिका चन्द्रदेबी शाक्यको परलोक जीवन
सुगतिमय बन्दै निर्वाणको हेतु पनि प्राप्त होस् भनी
कामना गर्दै पुण्यानुमोदन गर्दछौं ।

# धर्मकीर्ति पत्रिका

**धर्मकीर्ति विहार, श्रीघः, नःघः, यें**

# विशेष गुणं जा:म्ह ममतामी
# मां धम्मवती गुरुमां



थीथीकथंया विशेष गुणं जा:म्ह
ममतामयी मां ख: धम्मवती गुरुमां

गुम्हसिनं धाई करुणामयया अवतार
गुम्हसिनं धाई ताराद्योया अवतार

गुम्हसिनं धाई बोधिसत्वया अवतार
तर जिं धाय् वसपोल धर्मलँ क्यना बिज्याईम्ह धम्मचारी

कर्म भिंकेगु ज्या स्यनाबिज्याईम्ह सुकम्मचारी
भिंगु आचरण स्यनाबिज्याईम्ह सम्यकचारी

ममतामयी मांया गुणं जा:म्ह गुणकारी
धरतीमांया थें सह:यायगु गुण दुम्ह सहनशीलाचारी

मैत्री, करुणा, मुदिता व उपेक्षां जा:म्ह चतुब्रह्मविहारी
बुद्ध, धर्म, संघ त्रिरत्नया शरणय् बिज्या:म्ह त्रिरत्न शरणविहारी

मिसा जागृतीया क्रान्ति हयाबिज्या:म्ह क्रान्तिकारी
मानव कल्याणया ज्याय् न्ह्यब्वा:म्ह कल्याणकारी

बुद्धया म्ह्याय् ज्वीत ता:ला:म्ह वसपोल धर्म विदुषी
शासन धज धम्माचरिय, अग्गमहा गन्थवाचक, पण्डित वसपोल

धम्मवती गुरुमांया ८९ दं भिं बुदिंया लसताय्
वसपोलया भिं उसांय् व ता आयूया आशिका यासे

भिन्तुना द्युछानाच्वना थ्व चिनाखं न्ह्यब्वया: ।

✍ प्रेम लक्ष्मी तुलाधर, न्यत

# भिन्तुना !



## भिक्षुणी धम्मवती गुरुमां
## धम्मवती गुरुमांप्रति भिन्तुना !

*च्वमि : धर्मरत्न शाक्य*
*लय् : पन्नाकाजी शाक्य*

ललितपत्तनस जन्म जुल
नेपाःया जः गुरुमां
बौद्ध जगतस प्रख्यात जुल
धम्मवती गुरुमां
सासनधज धम्माचरिय
जुयाबिज्याःम्ह गुरुमां
अग्ग महा गन्थवाचक
पण्डित खः गुरुमां

शाक्य कुलय् बूम्ह छलपोलं
बुद्धघोषया उपदेश न्यनाः हे
धम्माबुधया ल्यू ल्यू बिज्यानाः
वर्माय् धर्म अध्ययन यानाः हे
बुद्ध धर्मया शिक्षा काकां
धम्माचरिय जुया बिज्याःम्ह
जन्म भूमिस लिहाँ बिज्याःम्ह
गुरुमां छःपिं धन्य महान्

धर्मकीर्तिया स्थापना याःम्ह
यइपुक न्ह्यइपुक धर्म खँ कंम्ह
अध्ययन गोष्ठी स्थापना याःम्ह
धर्मया यक्व सफूत पिथंम्ह
नारी जगतय् जागृति हःम्ह
धर्मया ध्वाँय् ब्वय्कूम्ह
नेपाल मांया अतिकं योम्ह
गुरुमां छःपिं धन्य महान्

लुम्बिनी क्षेत्रय् नगुथें थीम्ह
गौतमी विहार स्थापना याःम्ह
गुरुमां पुचलय् न्ह्यलुवाः जूम्ह
भ्रीथाय् आपालं लोकं ह्वाःम्ह
न्ह्याबलें छःपिं स्वस्थ ज्वीमा
दीर्घायू जुयाः जीवित ज्वीमा
जन्मोत्सब थुगु भिंगु दिनस
भिन्तुना जिमिगु सार्थक ज्वीमा ।

## धर्मकीर्ति विहार परिवार
श्रीघः नःघः, यैं

मुद्रकः न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं • फोनः ४५३३९२९, ४५३४८५० • e-mail: newnepalpress011@gmail.com